मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ३ ● अंक २१३ ● २०८२ साल असार ०२ गते सोमबार ● Monday 16, June 2025 ● सूर्योदयः बिहान ५:११ बजे ● सूर्यास्त: साँझ ७:०१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## रविलाई पौने ६ करोडको मुद्दा दायर

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेविरुद्ध पर्सा जिल्ला अदालतमा मुद्दा दर्ता भएको छ । वीरगंजको सानो पाइला बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलनमा उनीसहित २९ जनाविरुद्ध आइतबार मुद्दा दर्ता भएको हो । पूर्वगृहमन्त्रीसमेत रहेका लामिछानेविरुद्ध ५ करोड ७४ लाख ३० हजार ३ सय ३३ रुपैयाँ बिगो मागदाबी गर्दै मुद्दा दर्ता भएको हो । प्रहरीले अनुसन्धान सकेर करिब १ महिनाअघि सरकारी वकिल कार्यालय पर्सालाई प्रतिवेदन बुझाएको थियो ।

# मधेशको बजेट
# ४६,९८,३३,५१०००






**वीरेन्द्र रमण/दिपक कर्ण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२–८३ का लागि ४६ अर्ब ५८ करोड ३३ लाख ५१ हजार रुपैयाँ बराबरको घाटाको बजेट प्रस्तुत गरेको छ । अर्थमन्त्री सुनिलकुमार यादवले चालुतर्फ १६ अर्ब ७२ करोड ५ लाख १७ हजार रुपैयाँ अर्थात कुल बजेटको ३५.८९ प्रतिशत र पूँजीगततर्फ ३० अर्ब २६ करोड २८ लाख ३४ हजार रुपैयाँ अर्थात ६४.११ प्रतिशतको बजेट प्रस्तुत गरेका छन् । मन्त्री यादवले प्रस्तुत गरेको बजेट चालु आर्थिक वर्षको तुलनामा ६.१३ प्रतिशत बढी हो ।
मन्त्री यादवले आगामी आर्थिक वर्षको खर्च व्यहोर्न आन्तरिक राजश्वबाट ९ अर्ब ५० करोड ८३ लाख रुपैयाँ, वित्तीय समानिकरण अनुदानबाट ७ अर्ब ७२ करोड १९ लाख रुपैयाँ, सशर्त अनुदानबाट ४ अर्ब २६ करोड १८ लाख रुपैयाँ, विशेष अनुदानबाट ३९ करोड ४५ लाख रुपैयाँ, समपूरक अनुदानबाट ३५ करोड ८२ लाख रुपैयाँसहित १२ अर्ब ७३ करोड ६४ लाख रुपैयाँ व्यहोरिने बताए ।
यस्तै, संघीय राजश्व बाँडफाँडबाट १२ अर्ब ३५ करोड ८४ लाख रुपैयाँ, गत वर्षको बचतबाट १० अर्ब ३८ करोड २ लाख ५१ हजार रुपैयाँ व्यहोरिने बताए । यो रकम २ अर्ब न्यून रहेकाले रकम व्यहोर्न आन्तरिक ऋण लिइने मन्त्री यादवले बताए ।
मधेश सरकारले भौतिक पूर्वाधार निर्माण, कृषि, शिक्षा, स्वास्थ्यलगायतलाई प्राथमिकतामा राख्दै आगामी आर्थिक वर्ष २०८२–८३ को बजेट प्रस्तुत गरेको छ । मधेश सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि सबैभन्दा बढी रकम विनियोजन गरेको छ । भौतिक पूर्वाधार मन्त्रालयका लागि आगामी आर्थिक वर्षमा १५ अर्ब ८८ करोड ७१ लाख ८५ हजार रुपैयाँ विनियोजन गरिएको हो । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका लागि २ अर्ब ८३ करोड रुपैयाँ विनियोजन गरिएको छ ।
वन तथा वातावरण मन्त्रालयका लागि २ अर्ब ३७ करोड ५६ लाख ३८ हजार रुपैयाँ विनियोजन गरिएको छ । श्रम तथा यातायात मन्त्रालयका लागि ५७ करोड १४ लाख ५० हजार रुपैयाँ, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयका लागि ३ अर्ब ८ करोड ७१ लाख ७४ हजार रुपैयाँ विनियोजन गरिएको छ । यस्तै, गृह, सञ्चार तथा कानून मन्त्रालयका लागि ६४ करोड ८९ लाख ९७ हजार रुपैयाँ, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका लागी ३ अर्ब ८ करोड ७१ लाख ७४ हजार रुपैयाँ, शिक्षा तथा संस्कृति मन्त्रालयलाई ३ अर्ब ५७ करोढ ६६ लाख ५५ हजार रुपैयाँ छुट्याइएको छ ।
यस्तै, ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालयका लागि ४ अर्ब ४१ करोड ९९ लाख ९९ हजार रुपैयाँ, खेलकुद तथा समाज कल्याण मन्त्रालयका लागि १ अर्ब ६८ करोड ७३ लाख रुपैयाँ विनियोजन गरिएको छ । शिक्षा, स्वास्थ्य, खानेपानी, शहीद परिवारलाई लक्षित गरी स्थानीय सरकारले खर्च गर्नेगरी विशेष अनुदानतर्फ ३८ करोड १० लाख रुपैयाँ विनियोजन गरिएको छ ।
'कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार' अभियानलाई निरन्तरता दिइएको छ । कृषिमा विषादीको प्रयोग घटाउन र यान्त्रिकरणको प्रयोग गर्न कृषक पाठशाला चलाइने सरकारले बजेटमै समावेश गरेको छ ।

### बजेट विवरण:
कुल बजेट: ४६ **अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँ**
चालु बजेट: १६ **अर्ब ७२ करोड ५ लाख १७ हजार रुपैयाँ** (३५.८९%)
पूँजीगत बजेट: ३० **अर्ब २६ करोड २८ लाख ३४ हजार रुपैयाँ** (६४.११%)
बजेट वृद्धि: ६.१३%

### बजेटका स्रोतहरू:
आन्तरिक राजश्व: ९ **अर्ब ५० करोड ८३ लाख रुपैयाँ**
वित्तीय समानिकरण अनुदान: ७ **अर्ब ७२ करोड १९ लाख रुपैयाँ**
सशर्त अनुदान: ४ **अर्ब २६ करोड १८ लाख रुपैयाँ**
विशेष अनुदान: ३९ **करोड ४५ लाख रुपैयाँ**
समपूरक अनुदान: ३५ **करोड ८२ लाख रुपैयाँ**
कुल व्यहोरिने बजेट: १२ **अर्ब ७३ करोड ६४ लाख रुपैयाँ**
संघीय राजश्व बाँडफाँड: १२ **अर्ब ३५ करोड ८४ लाख रुपैयाँ**
गत वर्षको बचत: १० **अर्ब ३८ करोड २ लाख ५१ हजार रुपैयाँ**
आन्तरिक ऋण: २ **अर्ब रुपैयाँ**

### कुन मन्त्रालयलाई कति बजेट ?
१. भौतिक पूर्वाधार विकास मन्त्रालय: १५ अर्ब ८८ करोड रुपैयाँ
२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय: ६ अर्ब ४५ करोड रुपैयाँ
३. ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय: ४ अर्ब ४१ करोड रुपैयाँ
४. शिक्षा तथा संस्कृति मन्त्रालय: ३ अर्ब ५७ करोड रुपैयाँ
५. उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय: ३ अर्ब ८ करोड रुपैयाँ
६. कृषि मन्त्रालय: २ अर्ब ८३ करोड रुपैयाँ
७. वन तथा वातावरण मन्त्रालय: २ अर्ब ३७ करोड रुपैयाँ
८. युवा, खेलकुद तथा सामाजिक कल्याण मन्त्रालय: १ अर्ब ६८ करोड रुपैयाँ
९. गृह, सञ्चार तथा कानून मन्त्रालय: ६४ करोड ८९ लाख रुपैयाँ
१०. श्रम तथा यातायात मन्त्रालय: ५७ करोड १४ लाख रुपैयाँ

## बजेट वक्तव्य त्रुटिपूर्ण
## ४० करोड कम वाचन

मधेश प्रदेश सरकारले प्रस्तुत गरेको बजेट वक्तव्य त्रुटिपूर्ण देखिएको छ । आइतबार मधेश प्रदेशसभामा अर्थमन्त्री सुनिलकुमार यादवले प्रस्तुत गरेको बजेट वक्तव्यमा ४० करोड रकम कम गरेर वाचन गरिएको पाइएको हो । अर्थमन्त्री यादवले बजेट वाचन गर्दै आगामी आर्थिक वर्ष २०८२–८३ का लागि ४६ अर्ब ५८ करोड ३३ लाख ५१ हजार रुपैयाँ विनियोजन गरेको बताए तर बजेट वक्तव्यको पूर्णपाठमा मन्त्रालयगत अनुसार उल्लेख गरिएको अनुसार मधेश सरकारले ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँ बराबरको बजेट पाइएको छ ।
'आगामी आर्थिक वर्षका लागि कुल खर्च ४६ अर्ब ५८ करोड ३३ लाख ५१ हजार रुपैयाँ विनियोजन गरेको छु । कुल विनियोजनमध्ये चालुतर्फ १६ अर्ब ७२ करोड ५ लाख १७ हजार रुपैयाँ अर्थात् ३५.८९ प्रतिशत, पुँजीगततर्फ ३० अर्ब २६ करोड २८ लाख ३४ हजार रुपैयाँ अर्थात् ६४.११ प्रतिशत । यो खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा ६.१३ प्रतिशत बढी हो,' बजेट वक्तव्यको पृष्ठ ४० को बुँदा नम्बर १६७ मा उल्लेख छ ।
मधेश सरकारले चालु र पुँजीगततर्फ गरेको विनियोजित रकम जोड्दा ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँ हुन्छ । मुख्यमन्त्री सतिश कुमार सिंहले पनि ४६ अर्ब ५८ करोड ३३ लाख ५१ हजार रुपैयाँ नभई ५८ करोडको ठाउँमा ९८ करोड रुपैयाँ रहेको बताए । बजेट वक्तव्यकै पृष्ठ ४७ मा मन्त्रालयगत अनुसार विनियोजित बजेट उल्लेख गरिएकामा ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँ उल्लेख छ ।

## मन्त्रिपरिषद्द्वारा बजेट पारित

यसअघि मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२–८३ का लागि प्रस्तावित बजेट मन्त्रिपरिषद्को बैठकबाट पारित गरेको थियो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जनकपुरधाममा आइतबार बसेको बैठकले बजेट अनुमोदन गरेपछि अब बजेट प्रदेशसभामा प्रस्तुत गरिएको हो । मुख्यमन्त्री सतिश कुमार सिंहले मन्त्रिपरिषद्को बैठकबाट बजेट पारित भएको जानकारी दिँदै प्रदेशसभा बैठकमा अर्थमन्त्रीले बजेट प्रस्तुत गर्ने बताएका थिए ।
उनले भने, 'मन्त्रिपरिषद्को बैठकबाट बजेट पारित भइसकेको छ । अब प्रदेश सभा बैठकमा अर्थमन्त्रीले बजेट प्रस्तुत गर्नुहुनेछ ।' यसपछि प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादवले प्रदेशसभामा बजेट वक्तव्य पेश गरेका हुन् । प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम केही दिनअघि सार्वजनिक गरिसकेको थियो । नीति तथा कार्यक्रममा समेटिएका प्राथमिकता, लक्ष्य र घोषणालाई कार्यान्वयन गर्न आगामी वर्षको बजेटले आर्थिक रूपले आधार बनाउने अपेक्षा गरिएको थियो ।

## कस्ता आयो प्रदेश सरकारको बजेट ?

**कोशी प्रदेश**
कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२–८३ का लागि ३५ अर्ब ८७ करोड ९९ लाख रूपैयाँको बजेट ल्याएको छ । कुल विनियोजन बजेटमध्ये चालुतर्फ १८ अर्ब ६७ करोड ३३ लाख अर्थात् ५२ प्रतिशत, पुँजीगततर्फ १७ अर्ब १० करोड ६५ लाख अर्थात् ४७.७ प्रतिशत र वित्तीय व्यवस्थापन तर्फ रु.१० करोड अर्थात् ०.३ प्रतिशत रहेको छ । यो अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा १.७ प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा १२ प्रतिशतले बढी छ ।

**बागमती प्रदेश**
बागमती प्रदेशसभाको बैठक आइतबार राति अबेर शुरू भएको छ । प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८२–८३ को बजेट कार्यक्रम सार्वजनिक गर्न आह्वान गरिएको बैठक शुरु भएको हो । दिउँसो ३ बजेका लागि बोलाइएको बैठक बजेट सूचना प्रणालीमा प्राविधिक विषयहरु मिलाउन नसक्दा ढिलाई भएको हो । प्रदेशसभाको बैठक २ पटक सम्म सारिएको थियो । प्रदेश सरकारको आगामी आर्थिक वर्षका लागि चालु आर्थिक वर्षको तुलनामा ५ प्रतिशतसम्म वृद्धि गरी बजेटको आकार तयार गरिएको जनाइएको छ ।

**गण्डकी प्रदेश**
गण्डकी प्रदेशले आगामी आर्थिक वर्ष २०८२–८३ का लागि करिब ३२ अर्ब रुपैयाँको बजेट ल्याएको छ । आइतबार अर्थमन्त्री डा.टंकराज गुरुङले प्रदेश सभा बैठकमा आगामी आर्थिक वर्षका लागि ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरे । चालु आर्थिक वर्ष १२ अर्ब ६३ करोड (३९.५%),पुँजीगततर्फ १९ अर्ब ९ करोड अर्थात ५६.७ प्रतिशत वित्तीय व्यवस्थातर्फ २५ करोड बजेट विनियोजन गरिएको छ ।

**लुम्बिनी प्रदेश**
लुम्बिनी प्रदेश सरकारले आइतबार आगामी आर्थिक वर्ष २०८२–८३ का लागि ३८ अर्ब ९१ करोड रुपैयाँको बजेट ल्याएको छ । जसमध्ये चालुतर्फ १२ अर्ब १ करोड ४७ लाख ८६ हजार रुपैयाँ अर्थात् ३० दशमलव ८८ प्रतिशत र पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार रुपैयाँ अर्थात् ६० दशमलव ३२ प्रतिशत विनियोजित छ । आइतबार लुम्बिनी प्रदेशसभाको छैटौँ अधिवेशनको तेह्रौँ बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले बजेट प्रस्तुत गरेका हुन् । वित्तीय हस्तान्तरणका लागि ३ अर्ब ४२ करोड ३७ लाख ४९ हजार अर्थात्८ दशमलव ८० प्रतिशत अनुमान गरिएको छ ।

**कर्णाली प्रदेश**
कर्णाली प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८२–८३ को बजेट प्रस्तुत गर्ने दिन आइतबार प्रदेशसभाको बैठक बस्न सकेको छैन । कर्णालीमा सरकार र प्रतिपक्षबीचको विवादले आइतबार दिउँसो ३:०० बजे बस्ने भनिएको प्रदेशसभाको बैठक बस्न नसकेको हो । प्रमुख प्रतिपक्ष दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) कर्णाली प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक कृष्णबहादुर जिसीले आयोजना बैङ्क नै सार्वजनिक नगरेर सरकारले बजेट ल्याएका कारण विवाद भएको र यसमा सहमति जुट्न नसकेपछि बैठक बस्न नसकेको बताए ।

**सुदूरपश्चिम प्रदेश**
सुदूरपश्चिम प्रदेश सरकारले ३३ अर्ब ४७ करोड ६० लाख ४८ हजार रुपैयाँको बजेट ल्याएको छ । आइतबार बसेको प्रदेशसभा बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिंह थापाले बजेट प्रस्तुत गरेका हुन् । बजेटमध्ये चालुतर्फ १० अर्ब २० करोड रुपैयाँ, पुँजीगततर्फ १९ अर्ब ८३ करोड रुपैयाँ, वित्तीय हस्तान्तरणतर्फ ३ अर्ब ४२ करोड रुपैयाँ र वित्तीय व्यवस्थातर्फ १ करोड रुपैयाँ रहेको छ । स्रोततर्फ आन्तरिक राजश्व १ अर्ब ६५ करोड रुपैयाँ, राजश्व बाँडफाँटबापत ९ अर्ब ८७ करोड रुपैयाँ, संघीय रोयल्टीबापत ८ करोड रुपैयाँ, वित्तीय समानीकरण अनुदानबापत ८ अर्ब ९२ करोड रुपैयाँ, अघिल्लो बर्षको बचत ७ अर्ब ६६ करोड रुपैयाँ, सशर्त अनुदानतर्फ ४ अर्ब १६ करोड रुपैयाँ, समपूरक अनुदान ६० करोड २६ लाख रुपैयाँ र विशेष अनुदानबापत ५१ करोड ६० लाख रुपैयाँ अनुमान गरिएको छ ।

## ९ वर्षपछि संघीय निजामती ऐन संसदमा पेस



**मधेशदृष्टि**
**वीरगंज ।**
संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताको इच्छाशक्ति, निरन्तर पहल र प्रभावकारी नेतृत्वको परिणामस्वरूप ९ वर्षदेखि रोकिएको संघीय निजामती सेवा ऐन प्रतिनिधिसभामा पेस भएको छ । संविधान कार्यान्वयनको मेरुदण्ड मानिने यो कानून संघीय शासन प्रणालीलाई संस्थागत गर्न अपरिहार्य मानिन्छ ।
मन्त्री गुप्ताले मन्त्रालयको नेतृत्व सम्हालेपछि यो ऐनलाई सर्वोच्च प्राथमिकतामा राख्दै प्रशासन, कर्मचारी संगठन, कानूनी विज्ञ, प्रदेश सरकार र सरोकारवाला पक्षसँग व्यापक छलफल गर्दै मस्यौदा तयार पार्न सफल भएका हुन् । ऐनको अन्तिम रुप दिँदै प्रतिनिधिसभामा पेस गर्नु उनको एक महत्वपूर्ण उपलब्धि हो ।
प्रतिनिधिसभामा ऐन पेस भएसँगै मन्त्री गुप्ताले संघीयता केबल संरचनात्मक परिवर्तन होइन, यो सेवा प्रवाहको नयाँ सोच भएको बताए । कर्मचारी व्यवस्थापनलाई संघीय संरचनासँग समायोजन गर्न आवश्यक संघीय निजामती सेवा ऐन पेस गर्नु दायित्व भएको उनले बताए । ऐनमार्फत दक्ष, उत्तरदायी र समावेशी निजामती सेवा सुनिश्चित गर्न अग्रसर भएको उनको भनाइ छ ।
उनले ऐन पारित भएपछि संघ, प्रदेश र स्थानीय तहबीचको कर्मचारी व्यवस्थापन स्पष्ट हुने, सेवाप्रवाह प्रभावकारी बन्ने र कर्मचारीको पेशागत सुरक्षासमेत सुनिश्चित हुने बताए । संघीय निजामती ऐनमा समावेशीता, समान अवसर, दक्षता आधारित भर्ती, स्थानान्तरण तथा बढुवा प्रणाली, प्रशिक्षण र सेवाशर्तसम्बन्धी स्पष्ट प्रावधान समावेश गरिएका छन् ।

# जनकपुरधाम उपमहानगरमा नक्सा पास प्रक्रियामा कडाई
# स्थलगत फोटोसहित कागजात अनिवार्य

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले नक्सा पास प्रक्रिया थप व्यवस्थित र पारदर्शी बनाउने उद्देश्यले नयाँ निर्देशिका कार्यान्वयनमा ल्याएको छ । अबदेखि नक्सा स्वीकृतिका सबै चरणहरूमा स्थान, मिति र समय खुल्ने गरी फोटोसहितका प्रमाण अनिवार्य गरिएको हो । नगर कार्यपालिकाले असार १ गते जारी सूचनामार्फत पहिलो, दोस्रो र अन्तिम चरणमा प्रस्तुत गरिने सम्पूर्ण कार्यको फोटोग्राफ र कागजात यथासम्भव प्रमाणसहित पेश गर्नुपर्ने व्यवस्था लागू गरिएको जानकारी दिएको हो । अब नक्सा पासमा वडा कार्यालयमार्फत हुने सर्जमिन मुचुल्का प्रक्रियाको बेला कर्मचारी तथा साक्षीको स्पष्ट फोटो खिचेर पेश गर्नुपर्नेछ । यसमा मिति र समय प्रस्ट देखिनु अनिवार्य छ । दोस्रो चरण अर्थात् स्थलगत निरीक्षणको समयमा पनि यस्तै प्रकारको फोटो प्रमाण पेश गर्नुपर्नेछ, निर्माण सम्पन्न भइसकेपछि सम्पूर्ण घरको फोटो पेश गर्नुपर्नेछ, यदि भवन आचारसंहिताअनुसार पार्किङ आवश्यक पर्ने भवन हो भने त्यससम्बन्धी ब्लुप्रिन्ट र पार्किङ व्यवस्थाको फोटोग्राफ, नक्सा, स्वीकृति दस्तावेजसमेत पेश गर्नुपर्ने सूचनामा उल्लेख छ । त्यस्तै, नक्सा पास गराउन घरधनी स्वयं उपस्थित हुनुपर्नेछ, नभए वारिसनामा दिएको अधिकारसम्बन्धी प्रमाणसहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ । पेश गरिएका सबै कागजातको सक्कल प्रति साथमा लिएर जानुपर्नेछ । प्रतिलिपि रुजु सक्कलको आधारमा मात्र मान्य हुनेछ । उपमहानगरका इन्जिनियर लखन यादवले भने, 'नक्सा पासको प्रक्रियालाई पारदर्शी, प्रमाणाधारित र दुरुपयोगरहित बनाउने यो एउटा प्रयास हो । फोटो दस्तावेज अनिवार्य गरिनु यसको मुख्य आधार हो ।' उपमहानगरले भवन निर्माणसँग सरोकार राख्ने नागरिक, इन्जिनियर, डिजाइनर र ठेकेदारहरूलाई सूचनाको पालना गर्न आग्रह गरेको छ ।

# गुजरामा डा. श्रवण कुमार साह प्रमुख प्रशासकीय अधिकृतका रूपमा हाजिर



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गुजरा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा उपसचिव डा. श्रवण कुमार साहले पदभार ग्रहण गरेका छन् ।
आइतबार एक विशेष कार्यक्रमका बीच नगर प्रमुख सन्तलाल चौधरी र उपप्रमुख रत्न लामा द्वारा उनलाई टीका, माला र खादा अर्पण गरी स्वागत गरिएको हो । नयाँ हाकिमलाई स्वागत गर्दै नगर प्रमुख चौधरीले भने, 'पालिका प्रमुख प्रशासकीय अधिकृतविहीन हुँदा थुप्रै काम प्रभावित भएका थिए । जनताले सेवा प्रवाहमा कठिनाइ झेले ।
अब डा. साहको आगमनसँगै कामकाज गति लिनेछ भन्ने हाम्रो विश्वास छ ।' उनले डा. साहप्रति विश्वास व्यक्त गर्दै स्थानीय तहमा प्रशासनिक स्थायित्व र सुशासनको प्रत्याभूति गराउने विश्वास व्यक्त गरेका छन् । साथै नगर प्रमुख चौधरीले पालिकाका अधुरा योजनाहरू छिट्टै पूरा गर्न र स्थानीय जनताको आवश्यकता सम्बोधन गर्न डा. साहसँग सहकार्यमा जुटिने प्रतिबद्धता जनाएका छन् । यसअघिका प्रमुख प्रशासकीय अधिकृत मिललाल ढकालको सरुवा भएपछि गुजरा नगरपालिका केही समयदेखि प्रमुख प्रशासकीय अधिकृतविहीन रहँदै आएको थियो । यसले आर्थिक, प्रशासनिक तथा विकाससम्बन्धी काममा अवरोध पुर्याएको थियो । पदभार ग्रहणपछि डा. साहले नगरवासीलाई सेवा प्रवाहमा कुनै ढिलाइ हुन नदिने र कार्य सम्पादनमा पारदर्शिता र समयपालनामा जोड दिने बताए ।

# सरकारको नजर नपरेकोप्रति मेयर सिंहको गुनासो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वीरगंज तथा पर्सामा पर्यटकीय सम्भावना बोकेका अनेकौं सम्पदाहरू रहेपनि सरकारको नजर नपरेको गुनासो गरेका छन् । नेपाल पर्यटन बोर्डले वीरगंजमा आयोजना गरेको 'मधेश टुरिज्म मिट–२०२५' लाई सम्बोधन गर्दै मेयर सिंहले वीरगंज र यस आसपासका क्षेत्रमा धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलहरू प्रशस्तै भएपनि त्यसमा सरकार र पर्यटन बोर्डको नजर अझैसम्म पर्न नसकेको गुनासो गरे । १ सय ३७ वर्ष पुरानो नेपालको एक मात्र नृसिंह भगवानको मन्दिर वीरगंजमा रहेको बताउँदै उनले यस क्षेत्रभित्रै ऐतिहासिक पशुपतिनाथ मन्दिर पनि रहेको बताए । वन्यजन्तु सफारीको उपयुक्त गन्तव्य पर्सा राष्ट्रिय निकुञ्ज पनि यस क्षेत्रमा रहेपनि यस्ता महत्वपूर्ण धार्मिक एवम् पर्यटकीय सम्पदाहरूमाथि पर्यटन बोर्डको नजर अझै पर्न नसकेको भन्दै उनले गुनासो गरे । पर्यटन बोर्डको नजर र चासो केवल काठमाडौं, पोखरा र चितवनमा मात्रै सीमित रहेको गुनासो गर्दै सिंहले मधेश प्रदेशमा पर्यटकीय सम्भावना बोकेका गन्तव्यहरू रहेको र यहाँ भारतीयसहित विदेशी पर्यटकलाई आकर्षण गर्न सकेको खण्डमा प्रदेशकै पर्यटन व्यवसायले फड्को मार्ने बताए । कार्यक्रममा पर्साको ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले ठोरी मधेश प्रदेशकै प्रमुख पर्यटकीय क्षेत्र भएपनि संघ र प्रदेश सरकारले लगानी नगर्दा ओझेलमा परेको गुनासो गरे । नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक हिक्मतसिंह ऐरले मधेशमा पर्यटकीय सम्भावना बढी भएकाले सबैले हातेमालो गरेर पर्यटन प्रवद्र्धनमा जुट्नुपर्ने बताए । नेपाल उद्योग वाणिज्य महासङ्घ मधेश प्रदेशका अध्यक्ष अशोककुमार टेमानीले मधेश प्रदेशलाई भारतीय पर्यटकको गन्तव्यका रूपमा विस्तार गर्न आवश्यक रहेकोमा जोड दिए ।

# बढ्यो इन्धनको मूल्य

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आयल निगमले सोमबारदेखि लागु हुनेगरी पेट्रोल र डिजेलको मूल्य बढाएको छ । आइतबार निगमले जारी गरेको प्रेस विज्ञप्ति अनुसार पेट्रोलमा प्रतिलिटर एक रुपैयाँ र डिजेलमा प्रतिलिटर दुई रुपैयाँ मूल्य बढेको हो ।
इण्डियन आयल कर्पोरेशनबाट आइतबार प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार प्रति लिटर पेट्रोलमा रु. १.४१ र डिजेलमा रु. १.६७ ले बढेर आएको निगमले जनाएको छ ।
निगम सञ्चालक समितिको निर्णय बमोजिम सोमबारदेखि लागू हुनेगरी साविकको खुद्रा बिक्री मूल्यमा प्रति लिटर पेट्रोलमा १ रुपैयाँ र डिजेल–मट्टीतेलमा प्रति लिटर २ रुपैयाँ बढाइएको निगमद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# राजपुरको बजेट सार्वजनिक, शिक्षा स्वास्थ्य र पूर्वाधारमा प्राथमिकता



**आरके श्रीवास्तव**
**रौतहट ।**
रौतहटको राजपुर नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि ५७ करोड ५३ लाख ७८ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ । जिल्लामै पहिलोपटक ९ औं नगरसभाबाट बजेट प्रस्तुत गर्दै नगर प्रमुख डा. राजिक आलमले आन्तरिक स्रोत, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानमार्फत बजेट निर्माण गरिएको जानकारी दिए । नगर प्रमुख डा. आलमका अनुसार बजेट निर्माण सीमित स्रोत साधनबीच गरिए पनि शिक्षालाई सर्वाधिक प्राथमिकता दिइएको छ । 'प्रत्येक वडामा एउटा स्मार्ट विद्यालय स्थापना, विद्यार्थीसँग मेयर कार्यक्रमलाई निरन्तरता, नगरका निरक्षर नागरिकको तथ्यांक संकलन गरी साक्षरता कक्षा सञ्चालन, माध्यमिक विद्यालयमा पुस्तकालय स्थापनालगायतका योजना प्राथमिकतामा परेका छन्,' डा. आलमले भने । बजेट विवरण अनुसार संघीय सरकारबाट राजस्व बाँडफाँट ११ करोड ४७ लाख, वित्तीय समानीकरण अनुदान ११ करोड ३९ लाख, सशर्त अनुदान २६ करोड ४२ लाख, विशेष अनुदान १ करोड ६४ लाख, समपूरक अनुदान २ करोड ८९ लाख रहेको छ । त्यस्तै प्रदेश सरकारबाट राजस्व बाँडफाँट ८० लाख, समानीकरण अनुदान ७७ लाख ७८ हजार, सशर्त अनुदान ८० लाख, विशेष अनुदान ३० लाख, समपूरक अनुदान २० लाख रहेको छ । त्यसैगरी आन्तरिक आम्दानी ८५ लाख रुपैयाँ रहेको छ । प्रमुख प्रशासकीय अधिकृत बैजु ठाकुरका अनुसार यो बजेटले नगरको समग्र विकासमा योगदान पुर्याउने विश्वास गरिएको छ । उनले भने, 'नीति तथा कार्यक्रममा समावेश योजनाहरू सम्पादन गर्न कार्ययोजना निर्माण गरी समयमै कार्यान्वयन गरिनेछ ।' राजपुर नगरपालिकाको प्राथमिकतामा परेका अन्य कार्यक्रमहरू प्रत्येक वडामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना, मुख्य सडक कालोपत्रे, सहायक सडक पक्की ढलान, घरघरमा एउटा बिरुवा अभियान, बेरोजगारलाई सीपमूलक तालिम र न्यून ब्याजदरमा ऋण उपलब्ध गराई स्वरोजगारको व्यवस्था, रंगशाला निर्माण तथा प्रत्येक वडामा सामुदायिक मेलमिलाप केन्द्र सञ्चालन रहेको छ । त्यस्तै हालको बर्थिङ्ग सेन्टरलाई व्यवस्थित गर्दै थप वडामा विस्तार, नगर सेवा मोबाइल एप समयानुकूल अद्यावधिक, फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण रहेको छ । नगर प्रमुख डा. राजिक आलमले राजपुर नगरपालिकालाई समावेशी, आत्मनिर्भर र जनमुखी बनाउने उद्देश्यले बजेट निर्माण गरिएको बताए । उनले सबै योजनाहरू नागरिकसँग सहकार्यमा कार्यान्वयन गरिने प्रतिबद्धता समेत व्यक्त गरे ।

# औषधि बेचबिखनमा प्रतिबन्ध

**मधेशदृष्टि**
**वीरगंज ।**
औषधि व्यवस्था विभागले पर्साको वीरगंज महानगरपालिका वडा नम्बर–४ स्थित शुभलाभ फार्मालिंकले भारतबाट आयात गरेको औषधि बेचबिखनमा प्रतिबन्ध लगाएको छ । बजार अनुगमनको क्रममा गुणस्तरहीन भेटिएपछि फार्मालिंकद्वारा भारतको मुम्बइमा रहेको एग्लोमेड लिमिटेडबाट आयातित ब्याच नम्बर एन १९२४०३ नम्बरको सेफिट्रक्जोन इन्जेक्शन न्यून गुणस्तरको पाइएकोले औषधि ऐन, २०३५ को दफा १४ बमोजिम उक्त औषधिको बेचबिखन रोक्का गरिएको औषधि व्यवस्था विभागले जनाएको छ । उक्त औषधि बजारबाट तुरुन्त फिर्ता लगी त्यसको विवरण पेश गर्न पनि विभागले निर्देशन दिएको छ । साथै, उक्त औषधीको सिफारिस, बिक्री वितरण र प्रयोग नगर्नसमेत विभागले अनुरोध गरेको छ ।

# इजरायल र इरानमा नेपाली सुरक्षित

**काठमाडौं ।**
परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले इजरायल र इरानबीच पछिल्ला तीन दिनदेखि विकसित घटनाक्रमका सन्दर्भमा त्यस क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षाका विषयमा चासो व्यक्त गर्दै उच्च प्राथमिकतामा राखेर काम गर्न सम्बन्धित मुलुकका नेपाली राजदूतलाई निर्देशन दिएकी छन् । मन्त्री डा. राणाले इजरायलको तेल अभिभ र कतारको दोहास्थित नेपाली राजदूतहरूलाई टेलिफोन सम्पर्क गरी नेपालीको सुरक्षालाई उच्च प्राथमिकतामा राखेर काम गर्न, निरन्तर सम्पर्कमा रहन र सम्बन्धित मुलुकले जारी गरेका सुरक्षा सतर्कतासम्बन्धी अद्यावधिक सूचना नियमित रुपमा प्रवाह गरी नेपालीलाई निरन्तर सुसूचित गर्न निर्देशन दिएकी छिन् । इजरायलमा पाँच हजार पाँच सय र इरानमा १२ नेपाली रहेको र उनीहरु सबैजना सुरक्षित रहेको जानकारी प्राप्त भएको मन्त्रालयले जनाएको छ । इजरायल र इरानबीच विकसित घटनाक्रमलाई नेपाल सरकारले नजिकबाट नियालिरहेको र त्यहाँ रहेका नेपालीको हित सुनिश्चित गर्न आवश्यकताअनुसार उपयुक्त कदम चालिने मन्त्रालयको भनाइ छ । मन्त्रालयले नेपाली राजदूतावास, तेल अभिभमा नियोग उप–प्रमुख÷प्रवक्ता कुमारबहादुर श्रेष्ठलाई फोन नम्बर +९७२–५३५३६०७४८, ०३५१००१११ र नेपाली राजदूतावास, दोहामा मिनिष्टर काउन्सेलर–नियोग उप–प्रमुख कुमार राईलाई फोन नम्बर +९७४–५५६१६०४०, +९७४–४४६७५६८१, ४४६७५६८३, ४४१७१९६२ मा सम्पर्क गर्न सकिने जनाएको छ । रासस

# विभिन्न जिल्लामा योग कार्यक्रमको आयोजना

**मधेशदृष्टि**
**वीरगंज ।**
अन्तर्राष्ट्रिय योग दिवस २०२५ को अवसरमा भारतीय महावाणिज्य दुतावास वीरगंजले नेपालका विभिन्न जिल्लामा योग कार्यक्रमको आयोजना गर्ने भएको छ । संयुक्त राष्ट्रसंघले ११ डिसेम्बर २०१४ मा २१ जुनलाई अन्तर्राष्ट्रिय योग दिवसको रुपमा मनाउने निर्णय गरेको थियो । त्यसयता, विश्वभर हरेक वर्ष यो दिवस मनाइँदै आएको छ । यस वर्षको योग दिवसको नारो 'एक पृथ्वी, एक स्वास्थ्यका लागि योग' तय गरिएको छ । दूतावासले चितवन, मकवानपुर, रौतहट, धनुषा, बारा र पर्सा जिल्लामा स्थानीय निकायहरूसँग सहकार्य गरी १६ देखि २१ जुनसम्म बिहान ५:३० बजे विभिन्न स्थानमा निःशुल्क योग सत्र आयोजना गर्न लागेको हो । बीचमा विशेष कार्यक्रम २१ जुनका दिन नेपाल–भारत सिमानाकै प्रबेशद्वार वीरगंजको शंकराचार्य गेटमा हुनेछ । सम्पूर्ण कार्यक्रमहरू सर्वसाधारणका लागि खुला र निःशुल्क हुनेछन् ।

# एघार महिनामा ४० प्रतिशत विकास खर्च

**काठमाडौं ।**
चालु आर्थिक वर्ष समाप्त हुन एक महिना मात्र बाँकी रहँदा विकास खर्च ४० प्रतिशत मात्र भएको छ । चालु आवका लागि छुट्याइएको बजेटमध्ये जेठ मसान्तसम्ममा ४० प्रतिशत मात्र पुँजीगत खर्च भएको हो ।
महालेखा नियन्त्रक कार्यालयका अनुसार जेठ मसान्तसम्ममा केन्द्र सरकारको विकास खर्च वार्षिक लक्ष्यको ४० दशमलव सात प्रतिशत अर्थात् एक खर्ब ४३ अर्ब ३९ करोड सात लाख रुपैयाँ बराबर छ । चालु आवका लागि सरकारले तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख रुपैयाँ पुँजीगत खर्च छुट्याएको थियो ।
प्रारम्भिक लक्ष्यअनुसार खर्च हुन असारमा मात्र दुई खर्ब नौ अर्ब रुपैयाँ पुँजीगत बजेट खर्च गर्नुपर्ने हुन्छ । सरकारले बजेटको मध्यावधि समीक्षा र आगामी आर्थिक वर्षको बजेट संसदमा प्रस्तुत गर्दासमेत दुईपटक आय–व्ययको अनुमान संशोधन गरिसकेको छ । सुरुको विनियोजनको तुलनामा मात्र नभई दोस्रोपटक संशोधित लक्ष्यको तुलनामा पनि हालसम्मको वास्तविक खर्च निकै कम हो । असारे विकास भनेर आचोलित हुँदै आएको सरकारलाई आवको अन्त्यको खर्च रोक्न महालेखापरीक्षकको कार्यालयले हरेक वर्ष आफ्नो प्रतिवेदनमार्फत सुझाव दिँदै आएको छ तर असारमा नै अधिक खर्च हुने प्रवृत्ति रोकिएको छैन ।
गत जेठ मसान्तसम्म समग्र बजेट खर्च वार्षिक विनियोजनको ६८ दशमलव ९८ प्रतिशत छ । चालु आवका लागि सरकारले १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख रुपैयाँको बजेट ल्याएको थियो । पछिल्लो ११ महिनामा १२ खर्ब ८३ अर्ब १६ करोड रुपैयाँ खर्च भएको छ । प्रारम्भिक विनियोजन लक्ष्यअनुसार खर्च गर्ने होभने असारमा मात्र सरकारले पाँच खर्ब ७७ अर्ब १४ करोड रुपैयाँ बराबर बजेट खर्च गर्नुपर्ने हुन्छ ।
विकास आयोजनामा लगाइने पुँजीगत शीर्षकको खर्च कमजोर हुँदा चालु खर्च र सरकारी ऋणको साँवा–ब्याज भुक्तानीमा हुने वित्तीय व्यवस्थातर्फको खर्च भने औसत देखिन्छ । यस वर्षका लागि सरकारले चालु खर्च ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख रुपैयाँ विनियोजन गरेकामा जेठ मसान्तसम्ममा ७४ दशमलव ६८ प्रतिशत अर्थात् आठ खर्ब ५१ अर्ब ७९ करोड ६३ लाख रुपैयाँ खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकमा तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख रुपैयाँ बजेट विनियोजन भएकोमा समीक्षा अवधिमा ७८ दशमलव ४१ प्रतिशत अर्थात् दुई खर्ब ८७ अर्ब ९७ करोड रुपैयाँ खर्च भएको छ ।
सरकारको खर्च मात्र नभई आम्दानी पनि खुम्चिएको छ । यस वर्षका लागि १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्य निर्धारण भएकामा जेठ मसान्तसम्ममा वार्षिक लक्ष्यको ७० दशमलव ९९ प्रतिशत बराबर मात्र आम्दानी भएको छ । कर राजस्व वार्षिक लक्ष्यको ७१ दशमलव ४८ प्रतिशत अर्थात् नौ खर्ब १८ अर्ब र गैरकर राजस्व वार्षिक लक्ष्यको ७२ दशमलव छ प्रतिशत अर्थात् ९८ अर्ब आठ करोड रुपैयाँ छ । यसवर्ष सरकारले १२ खर्ब ८४ अर्ब २० करोड रुपैयाँ कर राजस्व र एक खर्ब ३५ अर्ब रुपैयाँ गैरकर राजस्व उठाउने लक्ष्य थियो ।
हालसम्मको वैदेशिक अनुदान प्राप्ति वार्षिक लक्ष्यको ३२ दशमलव ६६ प्रतिशतमा सीमित भएको छ । यसवर्ष सरकारले ५२ अर्ब ३२ करोड रुपैयाँ वैदेशिक अनुदान उठाउने लक्ष्य राखेकोमा जेठ मसान्तसम्ममा १७ अर्ब नौ करोड रुपैयाँ बराबर मात्र प्राप्ति गरेको उक्त कार्यालयले जनाएको छ ।
सरकारले आर्थिक वर्ष २०८१/८२ को वार्षिक आय र व्ययको अनुमान दोस्रोपटक संशोधन गरिसकेको छ । रासस

# ७ हजार ५२६ को दरखास्त

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारले महिला कृषि स्वयंसेविका परिचालनका लागि आह्वान गरेको सूचनामा ७ हजार ५२६ जना महिलाले दरखास्त दिएका छन् । मधेश प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा 'महिला कृषि स्वयंसेविका परिचालन कार्यक्रम' समावेश गरेर प्रदेशभर करिब १ हजार २७३ महिला कृषि स्वयंसेविका परिचालन गर्न जेठ १५ गते दरखास्त आह्वान गरेको थियो ।
जसका लागि सबै भन्दा बढी दरखास्त कृषि ज्ञान केन्द्र सप्तरीबाट १ हजार ४६१ जना महिलाले दिएका छन् भने सबैभन्दा कम कृषि ज्ञान केन्द्र पर्साबाट ५ सय २४ जना महिलाले दरखास्त दिएका छन् ।

# गर्मीका कारण वडा कार्यालयमा बिहानी सेवा

**मुकेश कुमार साह**
**रौतहट ।**
गर्मीको चपेटामा परेको चन्द्रपुर क्षेत्रमा अब सरकारी सेवा बिहानै पाइने भएको छ । चन्द्रपुर नगरपालिका वडा न.६ ले अत्यधिक गर्मीका कारण वडा कार्यालयको समय तालिका परिमार्जन गर्दै आइतबारदेखि बिहान ७ बजेदेखि ११ बजेसम्म सेवा दिन शुरु गरेको छ । वडा अध्यक्ष सहदेव केसीले एक सूचना जारी गर्दै गर्मीका कारण सेवाग्राहीहरू कार्यालयमा आउँदा बेहोस हुने, मुर्छा पर्ने जस्ता समस्या देखिन थालेपछि यस्तो निर्णय गरिएको जानकारी दिए । 'हामी सेवाग्राहीको स्वास्थ्यप्रति गम्भीर छौं । गर्मीका कारण हुने जोखिम घटाउन बिहानको समयमा सेवा दिन शुरु गरेका हौं,' अध्यक्ष केसीले भने । आइतबारदेखि नयाँ समयअनुसार कार्यालय खुलेको पुष्टि गर्दै सेवाग्राहीहरूले सहज र सुरक्षित रुपमा सेवा लिएको वडा कार्यालय स्रोतले जनाएको छ । गर्मीको कारण दिनको समयमा सर्वसाधारण बाहिर निस्कन हिचकिचाउने अवस्था छ । यस्तो चुनौतीपूर्ण परिस्थितिमा गरिएको यो निर्णयलाई स्थानीयहरूले जनमुखी र समयानुकूल कदमको रूपमा स्वागत गरेका छन् । स्थानीयवासीहरूका अनुसार यो निर्णयले सेवा लिने प्रक्रियालाई सहज बनाउने र अन्य वडाहरूले पनि यस्तो अभ्यासबाट सिक्न सक्ने अपेक्षा गरिएको छ ।

# न्यायाधीशमाथिको कालोमोसो प्रकरणप्रति बार एशोसिएसनको विरोध

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल बार एशोसिएसन जनकपुरले न्यायालय इजलासभित्र न्यायाधीशमाथि कालोमोसो दलेर गरिएको अपमानजनक व्यवहारको विरोध गरेको छ । उच्च अदालत जनकपुर अस्थायी इजलास, वीरगंजमा कार्यरत न्यायाधीशहरू खुसी प्रसाद थारु र अर्जुन महर्जनमाथि अदालतमै कालोमोसो दलेको घटनाप्रति बारले आपत्ति जनाउँदै दोषीमाथि कडा कारबाहीको माग गरेको हो । घटना गत जेठ २९ गते साँझ ३ः३० बजे अदालतको इजलासमै भएको थियो । मोहम्मद अफताव आलमविरुद्ध नेपाल सरकारद्वारा दर्ता गरिएको कर्तव्य ज्यान मुद्दामा न्यायाधीशद्वयको इजलासबाट आएको फैसलाप्रति असन्तुष्ट समूहले इजलासमै प्रवेश गरेर यस्तो गैरकानुनी कार्य गरेको जनाइएको छ । बारको विज्ञप्तिमा भनिएको छ, 'न्याय सम्पादनको कार्य न्यायाधीशले कानुन बमोजिम गर्छन् । त्यसमा असहमति भए कानुनी प्रक्रिया अनुसार पुनरावलोकन वा पुनरावेदन गर्ने प्रावधान छ । तर, भिडले निर्णयको ठिक–बेठिक छुट्याएर आक्रमण गर्नु लोकतन्त्रको मूल मर्मको खिलाफ हो ।' बार एशोसिएसन जनकपुरका अध्यक्ष अधिवक्ता बिमल कुमार मिश्र, सचिव अधिवक्ता अब्दुल अजिज आलमसहित कार्यसमितिले जारी गरेको वक्तव्यमा उक्त कार्य न्यायालयको गरिमा, स्वतन्त्रता र अस्मितामाथिको हमला भएको स्पष्ट गरिएको छ । विज्ञप्तिमा दोषी पहिचान गरी तत्काल कानुनी कारबाही गर्न र न्यायाधीशसहित सबै कानुनकर्मीहरूको सुरक्षाको प्रत्याभूति सुनिश्चित गर्न सरकारसँग माग गरिएको छ । बार पदाधिकारीले न्यायाधीशमाथि आक्रमण गर्ने व्यक्तिहरूलाई कानुनी दायरामा ल्याई कडा कारबाही गर्नुपर्ने, न्यायपालिकाको स्वतन्त्रता, सम्मान र निष्पक्षताको रक्षा गर्न राज्यले गम्भीर ध्यान दिनुपर्ने, अदालत परिसर तथा इजलासको सुरक्षा थप मजबुत बनाउनुपर्ने र यस्ता घटनाबाट उत्पन्न भय, त्रासको वातावरण अन्त्य गर्न कानुनी संयन्त्र तुरुन्त क्रियाशील गरिनुपर्ने मागहरू अघि सारेका छन् ।

# बर्दिबासमा १७ सयभन्दा बढी रुख रोपियो
## मन्त्री यादवको सहभागितामा वृक्षारोपण अभियान

**मधेशदृष्टि**
**महोत्तरी ।**
मधेश प्रदेशका वन तथा वातावरण मन्त्री संजय कुमार यादवको प्रमुख आतिथ्यमा महोत्तरीको बर्दिबासमा १७ सयभन्दा बढी विभिन्न प्रजातिका रुखहरू रोपिएको छ । वातावरण संरक्षण, हरियाली विस्तार र जैविक विविधता प्रवद्र्धन गर्ने उद्देश्यले सञ्चालन गरिएको वृक्षारोपण कार्यक्रम आइतबार बर्दिबास नगरपालिका–६ स्थित कृषि कलेज परिसरमा सम्पन्न भएको हो ।
कृषि कलेजको आयोजनामा सम्पन्न सो कार्यक्रममा मन्त्री यादवले आफैं रुख रोपेर अभियानको उद्घाटन गरे । उनले वातावरणीय सन्तुलन कायम राख्न वृक्षारोपणको महत्त्वपूर्ण योगदान हुने उल्लेख गर्दै भने, 'स्थानीय तह र नागरिकको सक्रिय सहभागितामा मात्रै वातावरणीय संकटको सामना सम्भव छ ।' कार्यक्रममा महोत्तरीस्थित वन डिभिजन कार्यालयका प्रमुख अजय मिश्र, कृषि कलेजका पदाधिकारी, विद्यार्थी, स्थानीयवासी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति थियो । आयोजकका अनुसार बर्दिबास नगरलाई हरित नगरको अवधारणा तर्फ अग्रसर गराउने लक्ष्यसहित अभियान थालिएको हो । वातावरणविद्हरूका अनुसार पछिल्लो समय तीव्र रुपमा बढ्दो शहरीकरण, हरियाली विनाश र जलवायु परिवर्तनका चुनौतीबीच यस्ता वृक्षारोपण अभियानले दीर्घकालीन वातावरणीय समाधानमा योगदान पुर्याउने विश्वास व्यक्त गरिएको छ । कार्यक्रममा सहभागी विद्यार्थीहरूले वातावरणीय चेतना जगाउने यस्ता अभियानमा नियमित सहभागी हुने प्रतिबद्धता जनाएका छन् ।

# गोर्खाज फाइनान्स डकैतीका मुख्य अभियुक्त महतो दुई वर्षपछि पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको धनगढीमाई नगरपालिका–११ छपराडीस्थित गोर्खाज फाइनान्सको शाखामा दुई वर्षअघि भएको सशस्त्र डकैती घटनाका मुख्य योजनाकार श्रीदेव महतो अखेर पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय सिरहाले दिएको जानकारी अनुसार लहान नगरपालिका–२० का ४५ वर्षीय महतोलाई शनिबार साँझ बरियारपट्टी गाउँपालिका–३ चमार टोलबाट लुकिछिपी बसेको अवस्थामा पक्राउ गरिएको हो । २०७९ साल चैत १४ गते राति करिब १२ः१५ बजे गोर्खाज फाइनान्स कार्यालयमा नकाब लगाएर प्रवेश गरेका महतो समूहले पेस्तोल, धारिलो हतियार देखाएर कार्यालय भवनको तल्लो तलामा बस्ने कर्मचारीहरूलाई कुटपिट गर्दै नशाको सुई लगाई बेहोस बनाएका थिए । त्यसपछि २ लाख ५७ हजार २ सय ७९ नगद तथा ३ थान मोबाइल फोन लुटपाट गरिएको थियो । त्यसै क्रममा डाँकाहरूले कार्यालयका कम्प्युटर, फर्निचरलगायतका जिन्सी सामग्रीमा समेत तोडफोड गरेर करिब १० लाख २८ हजार ७ सय १४ रुपैयाँ बराबरको क्षति पुर्याएको प्रहरीले जनाएको छ । प्रहरीको अनुसन्धानपछि सो घटनामा संलग्न रहेको आरोपमा ११ जनाविरुद्ध चोरी, डाँका, शरीर बन्धक र संगठित अपराध अन्तर्गत मुद्दा दर्ता गरिएको थियो । सिरहा प्रहरी प्रवक्ता डिएसपी बीरेन्द्रकुमार पासवानका अनुसार यसअघि नै तीन जना पक्राउ परिसकेकोमा दुईजना पूर्पक्षका लागि थुनामा छन् भने एकजनालाई धरौटीमा रिहा गरिएको छ । महतो भने लामो समयदेखि फरार सूचीमा थिए । उनलाई जिल्ला अदालत सिरहामा पेश गरिएको प्रहरीले जनाएको छ । प्रहरीले बाँकी फरार अभियुक्तहरूको खोजी तीव्र बनाएको जनाएको छ ।

# बलात्कार आरोपमा दुई जना पक्राउ




**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको रामगोपालपुरमा किशोरीलाई सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । गत शुक्रबार राति १४ वर्षीया किशोरीलाई बलात्कार गरेको जानकारी आएपछि प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक हेरम्ब शर्माले बताए । 'किशोरीको अभिभावकले दिएको उजुरीका अधारमा तत्कालै आरोपितहरूलाई नियन्त्रणमा लिएका छौं,' प्रहरी उपरीक्षक शर्माले भने, 'किशोरी र आरोपितको स्वास्थ्य परीक्षण गरिएको छ । प्रारम्भिक अनुसन्धान, घटनास्थलको अवस्था र स्वास्थ्य परीक्षणले बलात्कर भएको देखिन्छ । अनुसन्धानबाट थप विस्तृत खुल्ने छ ।'
प्रहरीले पक्राउ परेका दुवै जनालाई जबर्जस्ती करणी मुद्दा दर्ता गरी थप अनुसन्धान गरिरहेको शर्माले बताए । शुक्रबार राति सडकबाट जबर्जस्ती मोटरसाइकलमा राखी रामगोपालपुर नगरपालिका–४स्थित पानी उद्योगमा ल्याएर दुई जनाले बलात्कार गरेको प्रहरीले जनाएको छ ।

# लहान नगरपालिकाले घरदैलो स्वास्थ्य परीक्षण अभियान थाल्यो

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको लहान नगरपालिकाले उच्च रक्तचाप, मधुमेह लगायतका नसर्ने रोगका बिरामी पत्ता लगाउन सात दिनसम्म सञ्चालन हुने निःशुल्क स्वास्थ्य शिविर शुरु गरेको छ । नगरपालिका वडा नं. १२ पडरियाबाट आइतबारदेखि शुरु भएको शिविरमा नगरपालिकाका स्वास्थ्यकर्मीहरूले घर–घरमै पुगेर सबै २४ वडाका नागरिकहरूको स्वास्थ्य परीक्षण गर्दैछन् । उच्च रक्तचाप, मधुमेह जस्ता रोगका बिरामीलाई पहिचान गरी आवश्यक परे थप उपचारका लागि स्वास्थ्य संस्थामा पठाइनेछ । स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीका अनुसार यस शिविरमार्फत नियमित औषधि सेवन गरिरहेका बिरामीहरूलाई पनि औषधि वितरण भइरहेको छ ।
शिविरमा नगरपालिका अन्तर्गतका १२ स्वास्थ्य चौकी र ४ आधारभूत स्वास्थ्य केन्द्रका कर्मचारी परिचालन गरिएको छ । नगर प्रमुख महेश प्रसाद चौधरीले भने, 'सर्ने रोगभन्दा नसर्ने रोगले करिब ७० प्रतिशत ज्यान लिने गरेकोले समयमै रोग पहिचान गरी उपचार गर्न यो कार्यक्रम आयोजना गरिएको हो । यसले मृत्यु जोखिम घटाउने हाम्रो विश्वास छ ।' गत वर्ष पनि संचालन गरिएको यस कार्यक्रममा ४ हजारभन्दा बढी नागरिक लाभान्वित भएका थिए । यस वर्ष पनि लहान नगरपालिकाले सबै नागरिकको स्वास्थ्य सुधारमा यो कार्यक्रमलाई निरन्तरता दिने बताएको छ ।

# स्वच्छ पानी उपलब्ध गराउन मन्त्रालय खटिरहेको छः मन्त्री यादव

**मधेशदृष्टि**
**वीरगंज ।**
खानेपानी मन्त्री प्रदीप यादवले देशभरका सम्पूर्ण शैक्षिक सस्थाहरुमा स्वच्छ र स्वस्थ पिउने पानी उपलब्ध गराउन मन्त्रालयले काम गरिरहेको बताएका छन् । वीरगंज महानगरपालिका–बाडा नम्बर ४ स्थित त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थान अन्तर्गतको वीरगंज नर्सिङ क्याम्पसको स्थलगत निरीक्षण अवलोकन पछि क्याम्पसमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले नर्सिङ क्याम्पसको विद्यमान खानेपानीको समस्या छिटै समाधान हुने बताए । उनले क्याम्पसको हाल सञ्चालनमा रहेको खानेपानीको ट्याङ्की जीर्ण भइसकेको, पानी चुहिने स्थिति रहेको पाइएकोले यथाशीघ्र ट्याङ्कीको मर्मत तथा आवश्यक भएमा नयाँ ट्याङ्की निर्माण गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । मन्त्री यादवले क्याम्पस परिसरभित्रका नाला खुला रुपमा रहनु र विर्ता बस्तीको फोहोर पानी सोही नालामा जम्मा हुनुले क्याम्पसको वातावरण अत्यन्त प्रदूषित भइरहेको गुनासो प्राप्त भएको छ भन्नुहुँदै नालाको सरसफाइ, व्यवस्थित ढल निकास तथा दीर्घकालीन समाधानका लागि सम्बन्धित निकायलाई तत्काल आवश्यक कदम चाल्न निर्देशन दिइएको बताए ।
उनले नर्सिङ क्याम्पसमा अध्ययन, अध्यापन तथा स्वास्थ्य सेवा प्रदान गर्ने वातावरण अझ स्वच्छ, सुरक्षित र व्यवस्थित बनाउने हाम्रो साझा लक्ष्य रहेको छ भन्दै यसमा सबैको सहयोग र समझदारीले समृद्ध शैक्षिक र स्वास्थ्य वातावरण निर्माण हुने कुरामा जोड दिए ।

# चट्याङ लागेर एकको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा आइतवार बिहान चट्याङ लागेर एक जनाको मृत्यु भएको छ । वर्षासंगै चट्याङ पर्दा स्थानीय गरुडा नगरपालिका वडा नम्बर–१ जयनगरमा एक जना पुरुषको मृत्यु भएको हो । घर अगाडी बाँधिएको बाख्रा खोल्न गएका बेला चट्याङ लागेर घाइते भएका स्थानीय ५६ बर्षीय सियाराम साह बनियाको ज्यान गएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । घाइते भएका साहको प्रादेशिक अस्पताल गौरमा उपचारको क्रममा बिहान १० बजे मृत्यु भएको प्रहरी नायव उपरिक्षक दिपक कुमार रायले जानकारी दिए ।

# वैदेशिक रोजगारमा मृत्यु भएका रामबाबुको परिवारलाई राहतस्वरुप ५० हजार हस्तान्तरण



**मधेशदृष्टि**
**महोत्तरी ।**
कतारमा वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका महोत्तरीको मटिहानी नगरपालिका–९ सिमरदहीका ४८ वर्षीय रामबाबु चौधरीको परिवारलाई ५० हजार रुपैयाँको राहत प्रदान गरिएको छ ।
मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डलले आइतबार मृतक चौधरीकी पत्नी नीतू देवीलाई सो राहत रकम हस्तान्तरण गरेका हुन् । नगर सभाको निर्णयअनुसार आर्थिक वर्ष २०८१÷८२ मा वैदेशिक रोजगारको सिलसिलामा मृत्यु हुने नगरवासीलाई राहतस्वरुप अधिकतम ५० हजारसम्म सहयोग उपलब्ध गराउने नीति बनाइएको थियो । यही निर्णय अन्तर्गत चौधरी परिवारलाई सहायता दिइएको हो । नगर प्रमुख मण्डलले भने, 'वैदेशिक रोजगारीले हाम्रो गाउँका धेरै परिवारको जीवन चलाएको छ ।
तर, कहिलेकाहीँ त्यही रोजगारीले परिवारलाई शोकमा पनि डुबाउँछ । यस्तो अवस्थामा राज्यले सक्दो साथ र सहारा दिनुपर्छ भन्ने सोचले हामीले यो योजना कार्यान्वयनमा ल्याएका हौं ।' रामबाबु चौधरी करिब ५ वर्षअघि रोजगारीको सिलसिलामा कतार गएका थिए ।
२०८१ सालको कात्तिक १५ गते उनको निधन भएको हो । मृतक चौधरीका परिवारमा उनकी पत्नी, एक छोरा र तीन छोरी गरी पाँच जना सदस्य रहेका छन् । नगरप्रमुख मण्डलले स्थानीय सरकारको सहयोग पीडित परिवारका लागि अल्पकालीन भए पनि सम्बल बन्ने विश्वास व्यक्त गरे ।

# द्विपक्षीय व्यापार सम्बन्ध विस्तार सम्बन्धी छलफल

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज उद्योग वाणिज्य संघ र भारतको पूर्वी चम्पारणमा अवस्थित मोतिहारी चेम्बर अफ कमर्श बीच द्विपक्षीय व्यापार सम्बन्ध विस्तार (बीटुबी) सम्बन्धी छलफल भएको छ । मोतिहारीमा आयोजित व्यापार बिस्तार सम्बन्धी कार्यक्रममा उद्योग, व्यापार, पर्यटन लगायतका क्षेत्रहरुको खस्किँदो अवस्थालाई दृष्टिगत गरेर नेपाल भारतका सिमाञ्चल क्षेत्रमा रहेको औद्योगिक एवम् व्यापारिक विस्तार (बीटुबी) सम्बन्धमा छलफल भएको हो ।
कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि प्रसाद गौतमले वीरगंजको बढ्दो महत्व, यसले बोकेको सम्भावना र मुलुककै आर्थिक उन्नयनमा खेलेको भूमिका उजागर गर्दै यस क्षेत्रमा लगानी गर्न आग्रह गरे । उनले नेपालमा औद्योगिक लगानी गर्न चाहनेहरुको लागि वीरगंज अत्यन्तै उपयुक्त ठाउँ रहेकोले लगानी गर्न आग्रह गरे । अध्यक्ष गौतमले नेपालको भौगोलिक विविधताका कारण विश्वका जुनसुकै मुलुकबाट आउने पर्यटकले रोजे अनुसारको हावापानी पाउने भएकोले जोसुकैको लागि नेपाल आकर्षणको केन्द्र बनेको बताउँदै पर्यटकको रुपमा नेपालका विभिन्न पर्यटकीय स्थलहरुको भ्रमण गर्न आग्रह गरे ।
मोतिहारी चेम्बर अफ कमर्शका अध्यक्ष अंगद सिंहले वीरगंज नेपालको प्रमुख औद्योगिक क्षेत्र रहेको र कुल राजस्वको करिब ५० प्रतिशतभन्दा बढी योगदान रहेको र औद्योगिक लगानीको लागि पर्याप्त सम्भावना रहेकोले इच्छुकहरुलाई वीरगंज क्षेत्रमा लगानी गर्न आग्रह गरे । साथै वीरगंज औद्योगिक विकासमा धेरै नै अगाडि बढिसकेकोले त्यहाँका उद्योगहरुले अपनाई रहेका प्रविधिहरु भित्रयाउन समेत आग्रह गरे ।
सोही अवसरमा आयोजित बीटुबी मिटिङ्गमा दुवै चेम्बरका सदस्यहरु तथा मोतिहारी र वीरगंजका उद्योगी, व्यवसायीहरुले आ–आफ्ना उद्यम, व्यवसायसँग सम्बन्धित विषयहरुमा व्यापक छलफल गरेका थिए । मोतिहारी चेम्बरका पदाधिकारी, कार्यसमिति सदस्य तथा उद्योगी, व्यवसायीहरुले राखेका जिज्ञासाको जवाफ सङ्घका वरिष्ठ उपाध्यक्ष माधव राजपालले विस्तार रुपमा दिएका थिए ।
वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतम, वरिष्ठ उपाध्यक्ष माधव राजपाल, उपाध्यक्ष मनोजकुमार दास, महासचि शिवजीप्रसाद साह, कोषाध्यक्ष अनोज रुँगटा, सचिव प्रेमचन्द्र गोयल, सह–सचिवद्वय नरेश टिबडेवाल र अनुप अग्रवाल, कार्यसमिति सदस्य दीपक टिबडेवाल, मनोज कुमार शर्मा, पन्नालाल साह, प्रमोदकुमार चौरसिया लगायतको उपस्थिति रहेको थियो ।

# सर्लाहीको हरिवनमा नापी र मालपोत कार्यालयको सेवा ठप्प




**मधेशदृष्टि**
**सर्लाही ।**
पूर्व–पश्चिम राजमार्ग विस्तारका लागि प्रयोग भएको टिप्परले शनिबार बिजुलीको पोल भाँचिएपछि हरिवनस्थित नापी र मालपोत कार्यालयको सेवा आइतबारदेखि ठप्प भएको छ । विद्युत् अवरुद्ध भएकाले यी कार्यालयमा काम ठप्प भएपछि सेवाग्राहीहरू सेवा नपाएर निराश भएका छन् । केही सेवाग्राही घर फर्किए भने कतिपय अझै कार्यालय परिसरमै बसेर बत्ती आउँने आशामा रहेका छन् । कार्यालयका कर्मचारीले जेनेरेटर चलाउन तेल सकिएको र सीमित बजेटले थप तेल ल्याउन नसकेको जानकारी दिएका छन् ।
नेपाल विद्युत् प्राधिकरण लालबन्दी वितरण केन्द्रका प्रमुख त्रिभुवन यादवले नयाँ पोल लगाउने काम भइरहेको र गाउँले प्रयोग गर्ने बिजुली भने शनिबार नै सुचारु गरिएको बताए । मालपोत र नापी कार्यालयलाई विद्युत् जोड्न नयाँ पोल लगाइसकेपछि मात्रै सेवा सुचारु हुने बताइएको छ ।

# १६ गतेबाट जग्गाको निस्सा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवाप्रसौनी गाउँपालिकाका भूमिहिन दलित, भूमिहिन सुकुमबासी तथा अव्यवस्थित बसोबासीले यही असार १६ गतेबाट जग्गाको निस्सा प्राप्त गर्ने भएका छन् ।
आइतवार गाउँपालिकामा भूमि समस्या समाधान आयोग र पालिकाका जनप्रतिनिधिबीच सम्पन्न छलफलपछि सो निर्णय गरिएको हो । गाउँपालिका अध्यक्ष यशवन्त यादवको अध्यक्षतामा बसेको बैठकले आयोगसँग सहकार्य गर्दै भूमिहिनहरुको व्यवस्थापन यथाशीघ्र गर्ने निर्णय गरेको छ । बैठकमा अध्यक्ष यादवले पालिकाले आयोगको काममा पूर्ण प्रतिबद्धताका साथ सहयोग गर्ने बताए ।
भूमि समस्या समाधान आयोग पर्साका अध्यक्ष तबरेज अहमदका अनुसार सखुवाप्रसौनीमा हालसम्म ६५५ जनाले दर्ता गरेका छन् । तीमध्ये १४० जना भूमिहिन दलित, ३४१ जना भूमिहिन सुकुमबासी र १७४ जना अव्यवस्थित बसोबासी रहेका छन् ।
अध्यक्ष अहमदले निस्सा वितरणपछि जग्गा वितरणको कार्यसमेत तीव्र गतिमा अघि बढाइने जानकारी दिए । कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष शर्मिला बिष्ट महतो, वडा अध्यक्षहरु, कार्यपालिका सदस्य, कर्मचारी तथा आयोगका सदस्यहरुको समेत उपस्थिति रहेको थियो ।

सम्पादकीय

# कृषि स्वयम्सेविकामा देखिएको आकर्षण

*मधेश प्रदेश सरकारले महिला कृषि स्वयम्सेविका परिचालनका लागि आह्वान गरेको सूचनामा ७ हजार ५ सय २६ महिलाले दरखास्त (निवेदन) दिएका छन्। मधेश प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आगामी आर्थिक वर्ष २०८२–८३ को नीति तथा कार्यक्रममा 'महिला कृषि स्वयम्सेविका परिचालन कार्यक्रम' समावेश गरेर प्रदेशभर १ हजार २ सय ७३ महिला कृषि स्वयम्सेविका परिचालन गर्ने नीति लिएको छ। यसका लागि सरकारले जेठ १५ गते दरखास्त आह्वान गरेको थियो । दरखास्त आह्वानपछि महिलाले स्वयम्सेविका हुन दिएको आवेदनले मधेशका महिलाको सक्रियता देखाएको छ। अब चुलोचौका छाडेर महिला पनि सामाजिक कार्यमा सरिक हुन तयार भएको यो आवेदनको संख्याले देखाएको छ।*

*आवेदन दिनेहरुमा सबैभन्दा बढी कृषि ज्ञान केन्द्र सप्तरीबाट छन्। सप्तरीका मात्रै १ हजार ४ सय ६१ महिलाले आवेदन दिएका छन् । अर्थात् प्रदेश सरकारले मागेको भन्दा झन्डै २ सय बढी त सप्तरीका मात्रै आवेदक छन् । सबैभन्दा कम आवेदन भने कृषि ज्ञान केन्द्र पर्साबाट परेको छ। पर्साका ५ सय २४ महिलाले दरखास्त दिएको पाइएको छ।*

*यसरी मधेशमा कृषिमा महिलाले आवद्धता र संलग्नता जनाउन चाहेको देखिन्छ । यो सकारात्मक पाटो हो । महिला पनि मधेशको उन्नयनमा सहभागी हुन चाहन्छन् भन्ने सन्देश हो। अर्कातिर मधेशमा अवसर पाए महिलाले पनि अब भूमिका निभाउन तयार भएको संकेत पनि हो। सरकारले यस्ता महिला सबैलाई त यो कार्यक्रममा समेट्न सक्दैन। तर गम्भीर अभिरुची भएका यस्ता महिलालाई अन्य कार्यक्रममा सहभागी गराएर पनि उनीहरुको सक्रिय हुने रहरलाई पूरा गर्न सक्छ। यसतर्फ मधेश प्रदेश सरकारले समयमा ध्यान दिन जरुरी छ । प्रदेश सरकारले महिलालाई मधेशको उन्नयनमा सहभागी गराउन सक्यो भने अनियमितता र भ्रष्टाचार पनि अन्त्य हुने पक्का हो। पुरुषका तुलनामा महिला गम्भीर, सम्वेदनशील र जिम्मेवार भएका उदाहरण देखिन्छन्।*

# लोकतान्त्रिक प्रणाली र बजेटमा खुलापन



हरिविनोद अधिकारी

हाम्रो देशको संविधानले सङ्घीय बजेट सार्वजनिक गर्ने दिन तोकेको छ जेठ १५ गते हो। विक्रम संवत् २००८ देखि बजेटमार्फत योजनाबद्ध आम्दानी र खर्च गर्ने परम्परा सुरु भएको हो । यहाँ स्मरणीय छ, २००७ सालमा नेपालमा जहानियाँ राणा शासनको अन्त्य भएपछि मुलुकले प्रजातन्त्रको नयाँ बिहानी सुरु भएपछि नेपाल वैश्विक प्रजातान्त्रिक वातावरणमा पुगेको थियो । विसं २००८ मा तत्कालीन अर्थमन्त्री सुवर्णशमशेर राणाले बजेट प्रस्तुत गरेर नेपालमा बजेट परम्पराको थालनी गर्नुभएको थियो । तत्कालीन सरकारलाई मुलुक प्रजातान्त्रिक प्रक्रियामा प्रवेश गरेको कुराको जानकारी दिनु पनि थियो र मुलुकमा योजनाबद्ध तरिकाले विकासको सुरुआत गर्नु पनि थियो।

नेपालमा त्यसपछि त्रिवर्षीय, पञ्चवर्षीय योजना बन्न थाले र योजनाका आधारमा एक आर्थिक वर्षका लागि आय र व्ययको अनुमान गरेर जनप्रतिनिधिमूलक संस्थामा प्रस्तुत गर्न थालियो । सामान्यतः आधुनिक नेपालमा साउन सङ्क्रान्तिबाट नयाँ आर्थिक वर्षको सुरुआत मान्ने र असार मसान्तमा आर्थिक वर्षको अन्त मानेर बजेट प्रस्तुत तथा कार्यान्वयन गर्ने प्रचलन चलेको पाइन्छ । बजेटमा व्यवस्था गरेका आम्दानी र खर्चको कार्यान्वयन आर्थिक वर्षको पहिलो दिनबाटै होस् भनेर असारसम्ममा दुवै सदनबाट बजेट पारित गरिनेछ। त्यसैले जेठ १५ गते नै बजेट प्रस्तुत गर्न थालिएको हो। कतिपटक त संसद् विघटन भएकाबेला परेकाले बजेट अध्यादेशका रुपमा सार्वजनिक गरिएको पनि उदाहरण पाइन्छ । प्रजातान्त्रिक प्रक्रियामा कार्यपालिकाले गरेको आम्दानी खर्चको स्वतन्त्ररुपमा परीक्षण गरेर कमीकमजोरी सच्याउनका लागि संविधानमा नै स्वायत्त निकायका रुपमा महालेखा परीक्षकको व्यवस्था गरिएको छ।

संविधानसभाले बनाएको नेपालको संविधान (२०७२) ले गरेको व्यवस्थाअनुसार गणतन्त्र दिवसकै दिन जेठ १५गते नेपालको सङ्घीय संसदको संयुक्त बैठकमा आर्थिक वर्ष २०८२÷८३ को आय व्ययको अनुमान अर्थात् बजेट प्रस्तुत गर्नुपर्ने थियो, गरियो । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्षका लागि रु. १९ खर्ब ६४ अर्ब ११ करोडको अनुमानित आयव्ययको विवरण प्रस्तुत गर्नुभन्दा पहिले आर्थिक सर्भेक्षण २०८१÷८२ प्रस्तुत गर्नु भएको थियो। विनियोजित कूल रकममध्ये चालुतर्फ रु ११ खर्ब ८० अर्ब ९८ करोड अर्थात् ६० दशमलव १ प्रतिशत, पुंजीगततर्फ रु चार खर्ब सात अर्ब ८९ करोड अर्थात् २०.८ प्रतिशत, वित्तीय व्यवस्थापनतर्फ रु तीन खर्ब ७५ अर्ब २४ करोड अर्थात १९ दशमलव १ प्रतिशत रहेको छ । यो अनुमान चालु आर्थिक वर्षको विनियोजनकोक तुलनामा ५ दशमलव ६ प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा १८ दशमलव २ प्रतिशत बढी हो। कूल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु चार खर्ब १७ अर्ब ८३ करोड विनियोजन भएको देखिन्छ।

यसैगरी खर्च बेहोर्ने आर्थिक स्रोतमध्ये राजस्वबाट रु १३ खर्ब १५ अर्ब, वैदेशिक अनुदानबाट रु ५३ अर्ब ४५ करोड बेहोर्दा पाँच खर्ब ९५ अर्ब ६६ करोड न्यून हुनजाने देखिन्छ। सो न्यून पूरा गर्ने वैदेशिक ऋणबाट रु दुई खर्ब ३३ अर्ब ६६ करोड जुटाउने लक्ष्य राखिएको छ। राजस्व परिचालन र वैदेशिक सहायता परिचालन गर्दा नपुग भएको रु तीन खर्ब ६२ अर्ब आन्तरिक ऋणबाट बेहोरिनेछ।

चालु खर्चमा बढ्न थालेको दायित्व र सार्वजनिक ऋण (वैदेशिक तथा आन्तरिक ऋण) को साँवा व्याजसहित तिर्नुपर्दा र विकासका लागि खर्चको जोहो गर्दा वैदेशिक अनुदानको मात्रा घट्दै जानु, बेलामा आयोजनाहरु सम्पन्न नहुनु र त्यसमा लागत बढ्ने क्रमले पनि खर्चमा दबाब सृजना भएको देखिन्छ भने उत्पादनमा सहजीकरण नभएर र राजस्वमा विविधीकरण नहुँदा अनुमान गरिएको राजस्व र वैदेशिक अनुदानको मात्रा नपुग हुँदा पनि बजेटमा असन्तुलन आउन थालेको देखिन्छ । बजेटका नयाँ कार्यक्रम भनेर नयाँ खर्चका कुनै विषय थप गरिएको देखिँदैन र पनि दुई वर्षभित्रमा चामलमा आत्मनिर्भर हुने, पाँच लाख परिवारलाई जग्गा धनी पुर्जा वितरण गर्ने, सार्वजनिक निकायमा इन्टर्नलाई परिचालन गर्ने, निजीक्षेत्रसँग सात खर्ब बराबरको परियोजना विकास सम्झौता गर्ने, हप्तामा २० घण्टा कामको न्यूनतम् ज्यालासहित कमाउँदै पढ्दै कार्यक्रम लागू गर्ने, व्यवसायीलाई विदेशमा पनि लगानी गर्न खुला गर्ने, वृद्धभत्ताको उमेर ६८ बाट बढाएर फेरि ७० गरिएको छ।

बजेटमा नयाँ कुराभन्दा पनि कार्यान्वयनको समस्या देखिन्छ । नेपाली परम्परामा साउनदेखि बजेट कार्यान्वयन गर्ने भने पनि मङ्सिरयता कार्यान्वयन हुने सम्भावना देखिँदैन। स्थानीय तह, प्रदेश तथा सङ्घीय मन्त्रालयको बेरुजुको चाँङ हेर्दा बजेटको खासै सदुपयोगभन्दा पनि जथाभावी बेनियमले खर्च गर्ने प्रवृत्तिमा कसरी हो नियन्त्रण गर्ने प्रणाली विकास गर्नुपर्ने देखिन्छ। बेरोजगारी घटाउने, उत्पादनशीलता बढाउने कुरा बजेटमा देख्दा र निजीक्षेत्रसँग सहकार्य गर्ने नीतिले केही आशा जगाउने देखिए पनि इमान्दारिताका साथ कार्यान्वयन गर्ने आत्मबल अर्थमन्त्रालयले राख्नुपर्छ र सबै तहले सहयोग गरे बजेट कार्यान्वयनमा पनि आउँछ र लक्ष्यबमोजिमको परिणाम पनि आउनेछ । यसपटकको बजेट महत्वाकाङ्क्षी छैनभन्दा पनि खुला बजेटका सिद्धान्तलाई पालना गरिएको देखिँदैन भन्ने खुला बजेटका विज्ञहरुको धारणा छ । बजेट खुलापन लोकतन्त्रको आधारभूत सिद्धान्त हो किनभने यसले सरकारको वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही र जनताप्रति उत्तरदायी बनाउँछ । नेपालजस्ता लोकतान्त्रिक देशमा बजेट खुलापनका निम्न कारणले महत्वपूर्ण छः

पारदर्शिता र जवाफदेही

खुला बजेटले सरकारले कसरी राजस्व सङ्कलन गर्छ र खर्च गर्छ भन्ने जानकारी जनतासमक्ष पु¥याउँछ । यसले भ्रष्टाचार र दुरुपयोगलाई कम गर्न मद्दत गर्छ। उदाहरणका लागि, यदि बजेट विवरण सार्वजनिक छैन भने, सरकारी अधिकारीले आफ्नो स्वार्थका लागि रकम दुरुपयोग गर्न सक्छन् भन्ने मानिन्छ जस्तो कि अहिले नै बजेटमा देखिएका कमीहरु बाहिर आउन थालेका छन् । कतिपय रकमको अपारदर्शी शीर्षक र अनुत्पादक खर्चको रुपमा मान्न थालिएको देखिन्छ । र पनि बजेटको खास खुलापन भनेको नै बजेटको संरचनामा पारदर्शीता आवश्यक छ र जसको जे जिम्मा हो, त्यसको लागि बेलैमा कार्यान्वयन गर्ने जवाफदेहीता रहनुपर्छ । अहिलेको बजेट संरचनामा केही हदमा पारदर्शीता त छ, तर पनि बजेट गोप्य राख्नुपर्छ भन्ने पुरातन मान्यतामा अझै परिवर्तन ल्याउन सकिएको पाइँदैन। खुला बजेट सर्वेक्षण २०२३ मा नेपालले १०० पूर्णाङ्कमा ५० अङ्क प्राप्त गरेको पाइन्छ।

नागरिक सहभागिता

लोकतन्त्रमा जनताको सहभागिता महत्वपूर्ण हुन्छ । खुला बजेटले नागरिकलाई बजेट निर्माण प्रक्रियामा भाग लिन, आफ्ना आवश्यकता र प्राथमिकताहरू व्यक्त गर्न प्रोत्साहन गर्छ । जस्तै, स्थानीय तहमा बजेट छलफलले समुदायका वास्तविक समस्याहरू सम्बोधन गर्न सकिन्छ । अहिले हामीसँग तीन तहका सरकार छन् र खासगरी स्थानीय तहले बजेटको यथार्थस्वरुप प्रदान गर्न, त्यसको कार्यान्वयन गर्ने र जनताका समस्याहरुसँग आत्मसात् गरी उनीहरुका समस्याको समाधान गर्ने गरेको पाइन्छ। प्रदेश र स्थानीय तह आफैँमा स्वनिर्भर र स्वतन्त्र रुपमा आयको अवस्थामा छैनन् र तिनीहरुको खर्चको सबैजसो भार सङ्घीय बजेटले बेहोर्नु परेको देखिन्छ । यसमा नागरिकको सहभागिताका लागि २०२३को खुला बजेट सर्वेक्षणमा १०० पूर्णाङ्कमा ३१ अङ्क प्राप्त भएको तथ्याङ्क सार्वजनिक भएको थियो।

विश्वासको निर्माण

जब सरकारले आफ्ना वित्तीय योजना खुला रूपमा प्रस्तुत गर्छ, जनतामा सरकारप्रति विश्वास बढ्छ । नेपालमा, जहाँ सरकारी संस्थाप्रति अविश्वासको इतिहास छ, बजेट खुलापनले जनता र सरकारबीचको रिक्तता कम गर्न सक्छ । जनतामा मात्र होइन, दातृ निकायमा पनि विश्वास निर्माण गर्न सफल हुनुपर्छ। विनियोजित रकम बेलामा खर्च हुनुपर्छ, नचाहिँदो खर्च कटौती र आवश्यक खर्चका लागि स्रोत परिचालन गर्नसके जनतामा र बजेट निर्माणसँग सरोकार राख्ने पक्षमा विश्वासको निर्माण जरुरी छ।

सुशासन

सबैभन्दा महत्वपूर्ण पक्ष भनेको सुशासन हो । खुला बजेटले नीति निर्माणमा प्रभावकारिता ल्याउँछ । नागरिकले बजेटको निगरानी गर्न सक्छन् र गलत खर्च वा प्राथमिकतामा प्रश्न उठाउन सक्छन्। उदाहरणका लागि, यदि शिक्षा वा स्वास्थ्यमा कम बजेट छुट्याइएको छ भने, नागरिकहरूले त्यसको विरोध गर्न सक्छन्। बजेट निगरानी गर्ने भनेको संसद्का विभिन्न समितिहरु, आन्तरिक लेखापरीक्षण, सार्वजनिक सुनुवाईसहितको सामाजिक परीक्षण, महालेखापरीक्षण, विभिन्न न्यायिक तथा अर्धन्यायिक संस्थाहरुले बजेट निगरानी गर्नुपर्छ। खासगरी जसका लागि बजेट विनियोजित छ, त्यही पक्ष बढी सजग भएर बजेटको निगरानी गर्नुपर्छ । खुला बजेट सर्वेक्षणमा बजेट निगरानीमा पूर्णाङ्क १०० मा नेपालले ४६ अङ्कमात्र प्राप्त गरेको देखिन्छ।

अन्तरराष्ट्रिय मापदण्ड

बजेटका लागि प्रजातान्त्रिक मुलुकहरुमा अनेक मापदण्ड राखिएका हुन्छन्, जसले बजेटमा पारदर्शीता देखियोस्, यथार्थमा आधारित होस्, मुलुकको यथार्थ आर्थिक अवस्था चित्रण गरेर आगामी दिनका लागि योजना बनाओस्। अन्तरराष्ट्रिय मञ्चहरू, जस्तै ओपन बजेट इनिसिएटिभले बजेट पारदर्शीतालाई लोकतान्त्रिक सुशासनको सूचक मान्छन् । नेपालले यस्ता मापदण्ड पालना गरेर अन्तरराष्ट्रिय विश्वसनीयता बढाउन सक्छ । बजेट परम्पराको ७४ वर्ष हुँदा पनि अन्तरराष्ट्रिय मान्यतामा पुग्न सकिएको देखिँदैन। यसको अर्थ यो पनि होइन कि प्रयास भएकै छैन।

नेपालका सन्दर्भमा, २०२३ को ओपन बजेट इन्डेक्सअनुसार नेपालको बजेट पारदर्शीता मध्यमस्तरको छ । यसलाई सुधार गर्न डिजिटल प्लेटफर्म, स्थानीय भाषामा बजेट जानकारी र नागरिक छलफलका मञ्चको विकास आवश्यक छ । खुला बजेटलेमात्रै लोकतन्त्र सुदृढ हुन्छ, किनभने यो जनताको अधिकार र सरकारको कर्तव्यबीचको 'सेतु' हो।

# मैझारो सिली प्रदर्शन गर्दै साकेला उभौलीलाई बिदा गरियो



शनिबार दिनभरको टन्टलापुर घाम । ढोल, झ्याम्टाको तालसँगै साकेला गीतले गुञ्जयमान वातावरण । जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारको माटीकोरे खेलमैदानमा भरिभराउ मानिसको भीड । सधैँ फुटबल खेल प्रतियोगिताका दर्शकले भरिभराउ हुने माटीकोरे खेलमैदान साकेला गीत र ढोल–झ्याम्टाको तालसँगै साकेला सिली प्रदर्शनले गुञ्जयमान बनेको हो।

जिल्लाका विभिन्न स्थानीय तहबाट आएका दर्जनौँ साकेला सिली प्रदर्शन टोली सहभागी कार्यक्रममा बालबालिकादेखि बुढापाकासम्म साकेला सिली प्रदर्शनीमा रमाइरहेका थिए। करिब ३० डिग्री सेल्सियसको टन्टलापुर घामको प्रवाह नगरी ढोल र झ्याम्टको तालसँगै साकेला गीत गाउँदै नाच्न कस्सिएकाहरूको मुहारमा बेग्लै हर्ष देखिन्थ्यो।

किरात राई यायोक्खा र किरात सेवा समाज खोटाङले शनिबार संयुक्त रूपमा आयोजना गरेको साकेला सिली प्रदर्शनीमा गैरकिरातले समेत लहर मिलाएर सिली नाचेका थिए। माझ किरात भनेर चिनिने खोटाङमा शनिबारबाट यो वर्षका लागि साकेला उभौली चाड औपचारिक रूपमा मैझारो (समापन) गरिएको छ । किराती समुदायले वैशाखे पूर्णिमामा उभौली र मङ्सिरे पूर्णिमामा उधौली गरी वर्षमा दुईपटक साकेला सिली प्रदर्शन गर्दै चाड मनाउँदै आएका छन् । यो बेला जलचर तथा थलचर जीवजन्तु उँभो लाग्ने भएकाले उभौली भन्ने गरिएको हो।

उभौलीमा खेतीपाती राम्रो होस्, प्राकृतिक प्रकोप आइनपरोस्, सुब्बेफाब्बे होस्जस्ता कामना गर्दै प्रकृतिको पूजा गर्ने चलन छ। तीन चुल्हा तथा भूमेथानहरूमा पूजाआजा गरेपछि सामूहिक रूपमा गोलो घेरामा छोरीचेली, बाउमाइती, युवायुवती एक ठाउँ सहभागी भएर साकेला गीत गाउँदै साकेला सिली नाच्ने गरिन्छ। उधौलीमा अन्नको सह बसोस्, अनिकाल नलागोस् भन्ने कामनाका साथ प्रकृतिको पूजा गर्ने चलन रहेको छ । यो बेला जलचर तथा थलचर जीवजन्तु उधौली लाग्ने भएकाले मङ्सिरे पूर्णिमाको दिनदेखि उधौली मनाउने गरिएको हो।

साकेला उभौली–उधौली चाडलाई आफन्तसँगको भेटघाट गर्ने महत्त्वपूर्ण अवसरका रूपमा पनि मान्ने गरिएको किरात सेवा समाजका अध्यक्ष ध्यानबहादुर राईले बताउनुभयो । उभौलीको अवसरमा मझुवागढी, तुवाचुङ–जायजुम, छोङ्खा, जन्तेढुङ्गालगायत किरात ऐतिहासिक थलो तथा विभिन्न भूमेथानमा एक महिनासम्म प्रकृतिको पूजा गरी साकेला सिली प्रदर्शन गर्ने चलन छ।

साकेला उभौली–उधौली चाडमा सबै जातजाति तथा धर्मका समुदायले साकेला सिली नाच्ने भएकाले जातीय सहिष्णुता, एकता र भाइचाराको विकास गर्ने एउटा समृद्ध संस्कृति बनेको किरात राई यायोक्खाका अध्यक्ष युगशन किरातले बताउनुभएको छ।

'साकेला किरात समुदायको प्रमुख चाड हो। यो चाड सबै जातजातिको सहिष्णुता, एकता र भाइचाराको विकास गर्ने साझा सांस्कृतिक चाड बनेको छ,' उहाँले भन्नुभयो, 'साकेला चाडले पराइघर गएका छोरीचेली र बाउमाइती भेटेर दुःखसुखको कुराकानी गर्ने वातावरणसमेत सृजना गर्छ। त्यसैले साकेला उभौली–उधौली चाडलाई किरात समुदायले निकै महत्वका साथ मनाउने गरेका छन्।'

किरात ऐतिहासिकस्थल मझुवागढीबाट गत वैशाख २९ गते औपचारिक रूपमा सुरु गरिएको साकेला उभौली महिना दिनपछि शनिबार दिक्तेलको माटीकोरे खेलमैदानमा सिली प्रदर्शनी तथा शुभकामना आदानप्रदान गर्दै समापन गरिएको छ । समापनका अवसरमा जिल्लास्थित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, जिल्लास्थित जनप्रतिनिधि, कार्यालय प्रमुख तथा सुरक्षा निकायका प्रमुख, जातीय सङ्घसंस्थाका प्रतिनिधि सहभागी भएर समूहिक रूपमा साकेला सिली नाचेका थिए।


छितको गुन्यु मखमलको चोली, पहेँलो पटुकी, दौरासुरुवाल, ढाका टोपी किराती मौलिक वेशभूषामा ठाँटिएर हर्षोल्लासका साथ मनाइने यो चाडमा किरात समुदायमात्र नभई गैरकिरात समुदायका युवायुवतीसमेत सहभागी भएर साकेला सिली नाच्ने गरेका छन्।

चराचुरुङ्गी तथा जीवजन्तुको नक्कल गर्दै ढोल, झ्याम्टाको तालमा सुम्निमा र पारुहाङले सम्पूर्ण सृष्टि जगत्को रक्षा गरून् भन्ने कामनासहितको साकेला उभौली तथा उधौली चाड मनाउने गरिएको छ।

साकेला उभौली तथा उधौली चाड किरात समुदायले साकेला नाच नाच्दै धुमधामकासाथ मनाउने गरेका छन् । यो साकेला उभौली–उधौली चाडलाई किरात राई, लिम्बू, याक्खा र सुनुवार समुदायले मुख्य चाडका रूपमा मान्ने गरेका छन्। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# अर्थमन्त्री सुनिल कुमार यादवले प्रस्तुत गरेको आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको अनुमान



माननीय सभामुख महोदय,

१. यस गरिमामय प्रदेश सभा बैठकमा मधेश प्रदेश सरकारको अर्थ मन्त्रीको हैसियतले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु।

२. नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाभिमान र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा उच्चतम आदर्शका लागि समय- समयमा भएको जनआन्दोलन, मधेश आन्दोलन, विविध पहिचान र अधिकारका महान् संघर्षहरूमा आफ्नो अमूल्य प्राण आहुति दिनु भएका सम्पूर्ण ज्ञात-अज्ञात वीर शहीदहरूप्रति म हृदयदेखि नै श्रद्धासुमन अर्पण गर्दछु। साथै, ती आन्दोलनहरूमा वीरता प्रदर्शन गरी घाइते तथा बेपत्ता हुनु भएका सपुतहरूप्रति पनि म उच्च सम्मान व्यक्त गर्दै गहिरो कृतज्ञता प्रकट गर्न चाहन्छु ।

३. मधेश प्रदेश सरकारले मधेशी, आदिवासी, दलित, जनजाति, महिला, मुस्लिम, थारु, पिछडिएको वर्ग लगायत सम्पूर्ण सीमान्तकृत समुदायहरूले समानता र न्यायका लागि गरेका गौरवपूर्ण संघर्षहरूप्रति हार्दिक श्रद्धा र उच्च सम्मान प्रकट गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, समानुपातिक प्रतिनिधित्व, मानव अधिकार तथा सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माणको महान् ध्येयमा अर्पित त्याग, संघर्ष र बलिदानलाई स्मरण गर्दै, वीर शहीदहरूले देखाएको सपना साकार पार्ने अटुट प्रतिबद्धता व्यक्त गर्दछु।

४. आत्मनिर्भर र समृद्ध मधेश निर्माणको लक्ष्यलाई साकार पार्न, देश र मधेश प्रदेशमा रहेका वर्तमान आर्थिक चुनौतीहरूको सामना गर्दै, कृषि क्षेत्रलाई मधेश प्रदेशको अर्थतन्त्रको मेरुदण्डको रूपमा सशक्त बनाउने दिशामा बजेट लक्षित गरिएको छ। यस सन्दर्भमा, उर्वर कृषि भूमिको उच्चतम उपयोग गर्दै, परम्परागत तथा निर्वाहमुखी खेती प्रणालीलाई क्रमशः व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्ने, उद्यमशीलता प्रवर्द्धन गर्ने, निजी तथा सार्वजनिक लगानी अभिवृद्धि गर्दै रोजगारी सिर्जना र उच्च आर्थिक वृद्धि हासिल गर्ने तर्फ बजेट केन्द्रित रहेको छ ।

५. संघीय सरकारबाट बेला बखतमा हुँदै आएको राजस्व र अनुदानमा कटौती, सीमित श्रोत साधनको उपलब्धताका बाबजुद विभिन्न समयमा भएका राजनीतिक परिवर्तन र जनताको संघर्ष र त्याग स्वरुप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा जनतासामु सरकारको उपस्थितिलाई सकारात्मक अनुभुति गराउनु चुनौतिको रुपमा रहेको छ ।

६. आगामी आर्थिक वर्षको बजेट युवालाई प्रदेशमै रोजगारी सिर्जनाका साथै आर्थिक गतिविधिमा संलग्न गराउने, तुलनात्मक लाभ बढी भएका उद्योगहरू प्रवर्द्धन गर्ने, उद्यमशीलता विकासमार्फत गरिबी न्यूनीकरण गर्ने तथा सार्वजनिक सम्पत्ति र स्रोतहरूको प्रभावकारी र परिणाममुखी उपयोगमा केन्द्रित गरिएको छ।

७ प्रदेशको आन्तरिक राजस्व लक्ष्य अनुरुप वृद्धि हुन नसकेको, अधिकांश वित्तीय श्रोत अनुदानमा निर्भर रहेको र प्रशासनिक खर्चको आकार बढ्दै गएको वर्तमान अवस्थामा, सीमित स्रोत-साधनको उपलब्धताका कारण जनताको माग र चाहना सम्बोधन गर्नु हाम्रो लागि ठूलो चुनौती रहेको छ।

८. प्रदेशको आन्तरिक आयको हिस्सा बढाउने र सार्वजनिक वित्तलाई सन्तुलनमा राखे चुनौतीको सन्दर्भमा, प्रदेश सरकारले अनुत्पादक क्षेत्रका फजुल खर्च नियन्त्रण गर्ने तथा अनुदानलगायत शीर्षकहरूलाई उत्पादनमुखी क्षेत्रमा परिचालन गर्ने नीति अपनाएको छ।

९. प्रदेश सरकारको विनियोजन दक्षता अभिवृद्धि गर्दै योजना तर्जुमा चरणहरूलाई व्यवस्थित बनाउँदै पुँजीगत खर्च बढाउनु सरकारका लागि चुनौती बनेको छ। यसलाई व्यवस्थित गर्न साना योजनाको माग र चाप कम गर्न स्पष्ट मापदण्ड तय गरि कार्यान्वयन गरिने छ।

१०. प्रदेश सरकारको उद्देश्य तथा लक्ष्य प्राप्तिको लागि सार्वजनिक प्रशासनलाई मितव्ययी, नतिजामुखी, सरल, पारदर्शी बनाई सुशासनको प्रत्याभुति दिलाई जनतासामु प्रदेश सरकारको सकरात्मक उपस्थितिको अनुभुति दिलाउन चुनौती रहेको छ।

माननीय सभामुख महोदय,

अब म मधेश प्रदेशको विधमान आर्थिक अवस्था र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था प्रस्तुत गर्न अनुमति चाहन्छु ।

११. आर्थिक वर्ष २०८१।८२ मा राज्यको प्रचलित भुक्तानीको कुल गार्हस्थ उत्पादन मध्ये मधेश प्रदेशको योगदान रु ८ खर्व ०४ अर्व १५ करोड ३० लाख रहेको छ, जुन कुल गार्हस्थ उत्पादनको १३.१६ प्रतिशत हुन आउछ ।

१२. प्रदेशको कुल गार्हस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान सबभन्दा बढी ५२.६१ प्रतिशत रहेको छ तथा कृषि र उद्योग क्षेत्रको योगदान क्रमश ३६.७ र १०.७० प्रतिशत रहेको छ ।

१३. आर्थिक वर्ष २०८१।८२ मा मधेश प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन ९३२ अमेरिकी डलर रहने अनुमान छ जुन गत आर्थिक वर्षको तुलनामा बढी रहेको छ ।

१४. आ.व. २०८१।८२ मा मधेश प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औषत आर्थिक वृद्धिदर ४.६१ प्रतिशतभन्दा तल ४.५ रहेको छ जुन आ.व ०८०/८१ भन्दा ०.७४ प्रतिशतले बढी हो ।

१५. मधेश प्रदेशमा विगत ७ वर्षको कुल बजेटको औषत ४३.५८ प्रतिशत चालु खर्च तथा ५६.४२ प्रतिशत पुँजिगत खर्चको लागि विनियोजन भएको देखिन्छ ।

१६. आ.व. २०८१।८२ मा मधेश प्रदेश सरकारको कुल खर्च रु ३२ अर्ब ११ करोड १६ लाख ३० हजार अर्थात कुल विनियोजनको ७३.१६ प्रतिशत हुने संशोधित अनुमान छ । कुल सरकारी खर्च मध्ये चालु खर्च रु १२ अर्ब ९ करोड ८ लाख ६२ हजार र पुँजिगत खर्च रु २० अर्ब २ करोड ७लाख ६८ हजार खर्च हुने संशोधित अनुमान छ ।

१७. चालु आ.व २०८१।८२ मा कर राजस्व बाट रु १३ अर्ब ५२ करोड ९० लाख १ हजार, अनुदानबाट रु ११ अर्ब ३५ करोड ७० लाख अन्य राजस्वबाट रु १ अर्व १७करोड ४१ लाख ५१ हजार तथा विविध प्राप्ति बाट रु ८ करोड ४२ लाख ४२ हजार संकलन हुने अनुमान छ । त्यसैगरी आन्तरिक ऋण बाट रु २ अर्ब संकलन हुने अनुमान छ ।

माननीय सभामुख महोदय,

अब म बजेट तथा कार्यक्रमहरुको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुको बारेमा चर्चा गर्न गईरहेको छु।

१८. संघीय सरकारप्रतिको निर्भरता घटाउन कृषि, पर्यटन र कृषिमा आधारित उद्योगमा लगानी, कृषि आधुनिकीकरण, उत्पादन तथा उत्पादकत्व वृद्धि, युवा उद्यमशीलता, नवप्रवर्तन र रोजगारी सिर्जना गर्दै मधेश प्रदेशको अर्थतन्त्रलाई आत्मनिर्भर, समृद्ध र सशक्त बनाउन उपलब्ध श्रोत साधनको अधिकतम उपयोगमा बजेट केन्द्रित हुनेछ ।

१९. बजेट तर्जुमा गर्दा स्वीकृत बजेट क्यालेण्डरको पूर्ण रुपमा पालना गरी आर्थिक वर्षको अन्त्यमा हुने पुँजीगत खर्चको चापलाई न्यूनीकरण गर्न कार्यान्वयन योग्य एवं उच्च प्रतिफल र लाभ हुने योजनाहरुको छनौट गरी कार्यान्वयन तालिका बमोजिम नै बजेट खर्च हुने व्यवस्था मिलाएको छु ।

२०. विकास निर्माणको प्रकृयामा उपलब्ध प्राकृतिक श्रोत साधनको दिगो एवं न्यायोचित उपयोग गर्दै प्राकृतिक श्रोत साधनको

दोहनलाई न्यूनीकरण गर्दै जलवायु परिवर्तनले पारेका नकरात्मक असरहरुलाई न्यूनीकरण गर्न आगामी आर्थिक वर्षको बजेट निर्देशित छ ।

२१. लगानीमैत्री वातावरण सिर्जना गरी सार्वजनिक निजी साँझेदारी मार्फत विकास निर्माणका कार्यहरु सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरी प्रदेशमा नै रोजगारीको अवसरहरु सिर्जना गर्ने तर्फ बजेट उन्मुख छ ।

२२. सन्तुलित विकासको अवधारणालाई अत्मसात गर्दै समाजमा रहेका विभेद, असमानता र वञ्चितिकरणको अन्त्य गर्न प्रादेशिक श्रोत साधनको न्यायोचित वितरण गरी लगानी तथा विकासको प्रतिफल सम्पूर्ण जात, वर्ग समुदायलाई समान रुपले उपभोग गर्न पाउने वातावरणको सिर्जना गर्न बजेट लक्षित हुने छ ।

२३. दिगो विकासका लक्ष्यहरुलाई आन्तरिकीकरण र स्थानीयकरण गर्न प्रादेशिक तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा योजनाहरुको छनौट गरी कार्यन्वयनमा दिगो विकासका लक्षहरुलाई हासिल गरिने छ ।

२४. वित्तीय संघीयतालाई गतिशील बनाउन तथा कार्यक्षेत्रमा दोहोरोपना हुन नदिन तीनै तहको सरकारबीच समन्वय र सहकार्यलाई बढावा दिई बजेट प्रणालीमा क्रमिक सुधार गर्दै लगिने छ ।

२५. खाद्य सुरक्षासहित कृषि उत्पादनमा आत्मनिर्भरता प्राप्त गर्न कृषि यान्त्रिकीकरण, विद्युतीकरण तथा व्यावसायीकरण मार्फत उत्पादनशील क्षेत्रलाई प्रोत्साहन दिन सरल कर्जा, बीउ पूँजी, मल र बजार सुविधा प्रदान गर्दै कृषि सडक र पशुपन्छी नश्ल सुधारलाई बजेटको प्राथमिकतामा राखिएको छ ।

२६. स्वास्थ्य सेवा व्यवस्थित, गुणस्तरीय र सुदृढ बनाउन प्रादेशिक स्वस्थ्य संस्थाहरूको स्तरीकरण, पूर्वाधार स्तरोन्नति, दक्ष जनशक्ति र उपकरण व्यवस्थापनमा प्राथमिकता दिईएको छ।

२७. आयोजना बैंकमा समावेश भएका उच्च प्रतिफल तथा उपलब्धि दिने पूर्वाधार विकासका ठूला आयोजनाहरुलाई छनौट गरि कार्यन्वयनमा जोड दिईएको छ ।

२८. रोजगारी सिर्जनाको आधारका रूपमा पर्यटन क्षेत्रको विकास गर्न तीनै तहका सरकारबीच समन्वय गर्दै पर्यटन पूर्वाधार निर्माणमा विशेष जोड दिइनेछ ।

२९. ऊर्जा संकट न्यूनीकरण तथा शहरीकरणका कारण घट्दो भू-जल स्तरलाई ध्यानमा राखी आगामी आर्थिक वर्षको बजेटले भूमिगत पानी पुनर्भरणलाई प्राथमिकतामा राखिएको छ ।

३०. मधेश प्रदेशमा वर्षेनी विपदको कारणले हुने गरेको जनधनको क्षती न्यूनीकरणका लागि तीनै तहका सरकारबीच प्रभावकारी समन्वय कायम गरी विपद जोखिम न्यूनीकरण एवं व्यवस्थापनका लागि बजेटमा प्रथमिकता दिएको छु ।

३१. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम र जनमुखी बनाइ विद्यमान कमी कमजोरीहरुलाई सुधार गर्न सरकारी संगठनको व्यवस्थापन समीक्षा गर्दै जनशक्ति विकासका कार्यहरुलाई प्रथमिकिकरण गरी सूचना प्रविधिको प्रयोगले सेवा सरल, मितव्ययी र सेवाग्राहीमैत्री बनाइ परिणामअनुसार सुधार गर्न बजेट केन्द्रित छ ।

माननीय सभामुख महोदय

अब म नेपालको संविधानको धारा ६० मा व्यवस्था भए बमोजिम स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण सम्बन्धी विवरण प्रस्तुत गर्न चाहन्छु ।

३२. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिशका आधारमा स्थानीय तहको लागि वित्तीय समानिकरण अनुदानतर्फ रु.१ अर्ब १० करोड हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु ।

३३. शिक्षा, स्वास्थ्य, खानेपानी, शहिद परिवार लक्षित विशेष कार्यक्रमहरु लगायतका क्षेत्रहरुमा स्थानीय तहले खर्च गर्ने गरी विशेष अनुदान तर्फ रु. ३८ करोड १० लाख विनियोजन गरेको छु

३४. प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७८ ले निर्धारण गरे बमोजिमका क्षेत्रहरुमा स्थानीय तहले योजना कार्यान्वयन गर्न समपुरक अनुदान तर्फ रु. ३८ करोड १० लाख विनियोजन गरेको छु ।

३५. स्थानीय तहहरुलाई सशर्त अनुदान तर्फ रु १ अर्ब २२ करोड ५ लाख विनियोजन गरेको छु ।

माननीय सभामुख महोदय

अब म आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहन्छु।

भुमि व्यवस्था, कृषि तथा सहकारी

३६. कृषि प्रसार सेवाको पहुँच बढाउन "किसानको वारी स्वयंसेविकाको छहारी " सोचलाई सार्थक तुल्याउन प्रदेशका सबै वडाहरुमा महिला कृषि स्वयमंसेविका परिचालन

कार्यक्रमको निरन्तरताको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३७. कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि सिंचित क्षेत्र विकास एवम् विस्तारका गर्न सिंचाई व्यवस्थापन प्रबर्द्धन सहयोगको लागि यथेष्ट रकमको व्यवस्था मिलाएको छु ।

३८. कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि सिंचित क्षेत्र विकास एवम् विस्तारका गर्न सिंचाई व्यवस्थापन प्रबर्द्धन सहयोगको लागि यथेष्ट रकमको व्यवस्था मिलाएको छु ।

३९. भूमिगत सिंचाई क्षेत्र बिस्तार गरी कृषि उत्पादन तथा उत्पादकत्व बढाउन कृषि विद्युतीकरण कार्यक्रमलाई बहुवर्षिय आयोजनाको रुपमा निरन्तरता दिनको लागि रु. २६ करोड विनियोजन गरको छु ।

४०. "कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार" भन्ने अभियानलाई निरन्तरता दिँदै प्रदेश भित्रका माटोको उर्वरता सुधारको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४१. "फिड द नेशन" अभियानलाई मुर्त रुप दिन तथा धान वालीको उत्पादन एवम् उत्पादकत्व बढाउन दुई धानवाली प्रवर्द्धन कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४२. मूल्य श्रृंखलामा आधारित व्यवसायिक फलफूल प्रबर्द्धनका लागि आवश्यक विनियोजन गरेको छु ।

४३. कृषि यान्त्रिकरणको माध्यमबाट उत्पादकत्व वृद्धि गरि कृषि व्यवसायलाई दिगो, प्रतिस्पर्धी बनाउन कृषि यन्त्र उपकरण प्रवर्द्धन सहयोग कार्यक्रमा आवश्यक रकम विनियोजन गरेको छु।

४४. कृषिमा विषादिको प्रयोगलाई निरुत्साहित गर्न र आधुनिक कृषि प्रविधिको अनुसरण बढाउन कृषक पाठशाला सञ्चालनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४५. व्यवसायिक एवम् दिगो कृषि तथा कृषि व्यवसायको विकासका लागि कृषि व्यवसायमा संग्लन रहेका र हुन चाहने कृषक, कृषि उद्यमी, कृषि प्रावधिक तथा कृषि मूल्य श्रृंखलामा आवद्ध अन्य सरोकारवालाहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४६. हरवा चरवा, विपन्न, गरिव, भूमिहीन तथा सामाजिक रुपमा पिछडिएका साना कृषकहरु, एकल महिला लगायतका लक्षित वर्गहरुका परिवारको आय आर्जन तथा जिविकोपार्जनमा टेवा पुर्याउन स्वरोजगारमूलक विशेष कार्यक्रमको रकम विनियोजन गरेको छु

४७. पशुपन्छी तथा मत्स्यको स्वास्थ्य परीक्षण, रोग निदान, उपचार लगायत विशिष्टिकृत पशु चिकित्सा सेवा प्रदान गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

४८. पशुपालन व्यवसायमा चुनौतीको रुपमा रहेका प्रमुख रोगहरु नियन्त्रण गर्दै पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धिका लागि पशुहरुमा पूर्ण खोप अभियान सहितको कार्यक्रमको लागि

*क्रमशः पृष्ठ ६ मा*

# अर्थमन्त्री सुनिल कुमार यादवले प्रस्तुत गरेको.................

आवश्यक रकम विनियिजन गरेको छु ।

४९. पशुहरुमा कृत्रिम गर्भाधानको माध्यमबाट पशु नश्ल सुधार गर्न सामुदायिक कृत्रिम गर्भधारण कर्ताको लागि तालिम तथा लजिष्टिक सपोर्टको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५०. मत्स्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आय आर्जन र पोषण सुरक्षामा टेवा पुऱ्याउन पोखरी भित्र रेसवे प्रणालीमा मत्स्य पालन, नँया मत्स्य पोखरी निर्माण, मत्स्य उत्पादन वृद्धि कार्यक्रमहरुको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५१. निर्यात प्रबर्द्धनका लागि मासु उत्पादन कार्यक्रममा आवश्यक रकम विनियोजन गरेको छु ।

५२. मखान खेतीको विकास तथा विस्तार गरी प्रशोधन, प्याकेजिङ्ग, लेबिलिङ्ग तथा ब्राण्डिङ्गका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५३. रैथाने बाली (ओल, सोहिजन, कोदो) प्रवर्द्धन, संरक्षण, विकास र विस्तार गर्ने कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५४. भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय तर्फ रु २ अर्व ८३ करोड विनियोजन गरेको छु ।

वन तथा वातावरण

माननीय सभामुख महोदय,

५५. उपल्लो र तल्लो तटीय क्षेत्रको समन्वयमा "चुरे जोगाउ, मधेश बचाउ" अभियानलाई मूर्तरूप दिन जलचक्र सन्तुलनका लागि एकीकृत जलाधार कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

५६. सिमसार संरक्षण, पानी पुनर्भरण र शहरी जल व्यवस्थापनमार्फत सांस्कृतिक नदीनालाहरूको प्राकृतिक बहाव पुनर्स्थापना तथा स्वच्छता प्रवर्द्धन गर्न जलाधार संरक्षण कार्यक्रमहरुका लागि पर्याप्त बजेट विनियोजन गरेको छु ।

५७. चुरे क्षेत्रको मरुभूमीकरण रोक्न नदीजन्य पदार्थको वातावरणमैत्री उत्खनन, प्रशोधन तथा निर्यातमार्फत आम्दानी वृद्धि गर्न सरोकारवालासँग नीति संवाद गर्न तथा वन्यजन्तु द्वन्द्व, बाढी, पहिरो तथा जलवायुजन्य विपद्का पीडितलाई तत्काल राहत र क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

५८. कार्बन सञ्चय प्रवर्द्धन गर्न खाली सार्वजनिक स्थान, सडक किनार, विद्यालय तथा अस्पताल क्षेत्रमा वृक्षारोपण गरी हरियाली विस्तार गर्न र हरित मधेश अभियानलाई मुर्त रुप दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

५९. निजी नर्सरीहरुलाई बिरुवा उत्पादन तथा वितरणमा प्रोत्साहित गरी वृक्षारोपण अभियानलाई प्रभावकारी बनाउँदै एक व्यक्ति एक विरुवा अभियानलाई निरन्तरता दिन आवश्यक प्रचार प्रसारलाई समेत यथेष्ट बजेट विनियोजन गरेको छु ।

६०. निजी, सार्वजनिक र राष्ट्रिय वनको दिगो व्यवस्थापन मार्फत रोजगारी सिर्जना गर्दै जैविक मलको प्रयोगमा आधारित वृक्षारोपण र नर्सरी प्रवर्द्धन कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

६१. समृद्धिका लागि वन कार्यक्रम मार्फत वनजन्य उद्यमशीलताको विकास गर्दै आय आर्जनका अवसरहरु सिर्जना गर्दै वन क्षेत्रबाट उल्लेखनीय रोजगारीका अवसरहरु सिर्जना गर्ने कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

६२. रैथाने तथा लोपन्मोख वनस्पतिको संरक्षण सम्वर्द्धन र प्रवर्द्धन गरी जैविक विविधतामा महत्वपूर्ण वन सिमसार लगायत अन्य हटस्पट क्षेत्रको व्यवस्थापन गरी रोजगारी सिर्जनाका लागि मधेश वनस्पति र प्राणी उद्यान निर्माणको लागि बजेट विनियोजन गरेको छु ।

६३. मानव तथा वन्यजन्तु सहअस्तित्व सुनिश्चित गर्न जैविक मार्गको व्यवस्थापन र क्षती न्यूनीकरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६४. वन तथा वातावरण मन्त्रालय तर्फ रु २ अर्ब ३७ करोड ५६ लाख ३८ हजार विनियोजन गरेको छु ।

श्रम तथा यातायात

माननीय सभामुख महोदय,

६५. रोजगारको सिलसिलामा विदेशमा ज्यान गुमाएका मधेश प्रदेशका श्रमिकहरुको मृत शरीर छिटो छरितो नेपाल ल्याउन संघीय सरकार तथा सरोकारवाला निकायहरसँग समन्वय गरि मृत शरीर नेपाल भित्रिएपछि विमानस्थलबाट मृत व्यक्तिको घर सम्म पुर्याउन निःशुल्क सेवा दिने गरी व्यवस्थापनको लागि बजेट विनियोजन गरेको छु ।

६६. मधेश प्रदेशका १३६ वटै स्थानीय तह सँग समन्वय गरी बाल श्रम मुक्त मधेश कार्यक्रम संचालन गरि बालबालिकाहरुको श्रममा हुने शोषणलाई न्यूनीकरण गर्नका

लागि जनचेतनामूलक कार्यक्रमहरुको संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

६७. "हात हातमा सवारी, घर घरमा रोजगारी" भन्ने मुल नाराका साथ मुख्यमन्त्री स्वरोजगार कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

६८. वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई प्रदेशमा स्वरोजगारको अवसर प्रदान गर्नका लागि आर्थिक/वस्तुगत/प्रविधिक सहयोग सहितको स्वरोजगार कार्यक्रम संचालन गरिनेछ । साथै बैदेशिक रोजगारबाट फर्किएका युवा जनशक्तिसंग भएका सीपलाई सदुपयोग गरी स्वदेशमै आय आर्जनको बाटो खुलाउन सीप विकास तालिम, प्रविधि सहयोग, अनुदानमा आधारित ऋण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ तथा प्रदेश भित्रका स्थानीय तहहरुवाट बैदेशिक रोजगारीमा जाने र फर्केका कामदारहरुको तथ्याङ्क संकलन तथा सोको डिजिटल व्यवस्थापन गरिने प्रवन्ध मिलाउनेछु ।

६९. प्रदेशमा रहेको जनसांख्यिक लाभान्स उपयोग गरी स्वदेश तथा विदेशमा समेत रोजगारीको अवसर प्राप्त गर्न सक्षम बनाउन, आवश्यक नीतिगत, कानुनी, संस्थागत व्यवस्था बनाइनेछ । प्रदेश स्तरीय सीप विकास तालिम केन्द्र निर्माण गरी लक्षित वर्गलाई तालिम प्रदान गर्ने कार्य अगाडी वढाउन बजेट विनियोजन गरेको छु ।

७६. श्रमिकहरुलाई आवासको सुविधा दिन थप चार जिल्लामा श्रमिक विश्राम गृह निर्माण गर्न बजेट विनियोजन गरेको छु ।

७७. विद्युतीय सवारी साधन खरीद गरी प्रयोग गर्न प्रोत्साहन दिन विभिन्न स्थानमा ईलेक्ट्रिक भेईकल चार्जिङ्ग स्टेशन निर्माण गर्न वजेट विनियोजन गरेको छु ।

७८. मधेश प्रदेशमा रहेका यातायात कार्यालयहरुबाट हुने कार्यहरु तथा ट्राफिक नियम सम्बन्धी जानकारी गराउन स्थानीय तहहरु संग समन्वय गरिनेछ ।

७९. मधेश प्रदेश अन्तर्गत रहेका यातायात व्यवस्था कार्यालयहरुको कार्य सम्पादन, सेवा प्रवाह हाइली डिजिटाईज टोकन सिस्टम, क्याश लेस, पेपर लेस, एस एम एस, एम एम एस, भ्वाईस मेसेज, भेईकल रेजिष्ट्रेशन सिष्टम लागु गर्न बजेट विनियोजन गरेको छु ।

८०. सवारी साधन आयातका लागि मधेश प्रदेशको नाका हुदै आयात गर्दा विशेष सुविधा उपलब्ध गराउन पहल गरिने छ ।

८१. मधेश प्रदेश अन्तर्गत रहेका सबै यातायात व्यवस्था कार्यालयहरुमा सवारी चालक अनुमति पत्रमा हुने गरेको

अनियमितता हुन नदिनको लागि अटोमेटिक ट्रायल सेन्टर जडान गर्नको लागि संघीय सरकारसँग समन्वय गरी स्थापनाको लागि प्रक्रिया अगाडि बढाईनेछ ।

८२. मधेश प्रदेश अन्तर्गत रहेका आठ वटै यातायात व्यवस्था कार्यालयहरुबाट संकलन हुने राजस्वमा लक्ष्य तोकी लक्ष्य भन्दा बढी राजस्व संकलन गर्ने कार्यालयलाई प्रोत्साहन उपलब्ध गराईनेछ । यातायात क्षेत्रको संरचनागत तथा कार्य प्रणालीगत सुधार अन्तर्गत मधेश प्रदेशका सबै जिल्लाहरुमा नवीनत्तम प्रविधि जडित उपकरण सहित यातायात कार्यालयहरुको आफ्नो भवन निर्माण गरी संचालनमा ल्याईनेछ ।

८३. पूर्वपश्चिम राजमार्गका विभिन्न स्थानमा यात्रीहरुको लागि रिफ्रेश सेन्टर निर्माण कार्यको लागि मधेश प्रदेश सरकारले स्थानीय तहहरुसँग समन्वय गरी प्रक्रिया अगाडी बढाईनेछ र हुलाकी राजमार्गमा यात्रीहरुलाई मध्यनजर गर्दै सार्वजनिक यातायात संचालनका निमित्ति यातायात व्यवसायीहरु सँग समन्वय गरी प्रक्रिया अगाडि बढाईनेछ ।

८४. यस प्रदेशस्थित सबै यातायात व्यवस्था कार्यालयहरुमा सेवाग्राहीहरुलाई छिटोछरितो सेवा पुर्याउने उदेश्यले मधेश प्रदेश बाटै कार्ड प्रिन्ट हुने गरी प्रक्रिया अगाडी बढाउन बजेट विनियोजन गरेको छु ।

८५. सेवा सुविधा सम्पन्न सहितको यात्री प्रतिक्षालय निर्माण गर्न बजेट विनियोजन गरेको छु ।

८६. श्रम तथा यातायात मन्त्रालय तर्फ तर्फ रु ५७ करोड १४ लाख ५० हजार विनियोजन गरेको छु ।

उघोग, वाणिज्य तथा पर्यटन

माननीय सभामुख महोदय,

८७. मधेश प्रदेशको राजधानीलाई पर्यटन मैत्री तथा पर्यटकहरुलाई मिथिला संस्कृतिको मौलिकता अनुभुत हुनेगरी आवश्यक पूर्वाधार निर्माण मार्फत सौन्दर्गीकरण गर्ने कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८८. जानकी मन्दिरलाई मधेश प्रदेशकै प्रमुख धार्मिक गन्तव्य स्थलको रुपमा विकास गर्दै मन्दिर परिसरमा आवश्यक पर्यटन पूर्वाधार व्यस्थापन कार्य तथा भारतको अयोध्या नगरीमा अवस्थित श्रीराम जन्म भूमिलाई दर्शन गर्न आउने पर्यटकहरुलाई जानकी मन्दिरमा समेत दर्शनको लागि प्रोत्साहन गर्न जनकपुरधाम नगरी तथा सिता जन्मभूमि जानकी

मन्दिर प्रचारप्रसारको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८९. समग्र मधेश प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य स्थलहरुका साथै सिता जन्मभूमि जनकपुरधामलाई "भिजिट मधेश" भन्ने मुल आश्यका साथ भारत लगायत अन्तराष्ट्रियस्तरमा प्रचारप्रसार कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९०. जनकपुरधाममा धार्मिक र साँस्कृतिक झल्को दिने गरी ढल्केवर देखि जटही तथा जिरोमाइलबाट भिठ्ठामोड जाने बाटोको ठाँउ ठाँउमा दुवै पट्टी वाल संरचना निर्माण तथा मिथिला आर्टवर्क कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

९१. माता जानकीको विवाहस्थल जनकपुरलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय विवाह केन्द्रको रुपमा विकास गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

९२. मधेश प्रदेशमा लगानी प्रबर्द्धन गर्न र देश तथा विदेशमा रहेका नेपाली तथा विदेशीलाई आकर्षित गर्न आगामी आ.व. २०८२/०८३ मा मधेश लगानी सम्मेलन, डायस्पोरा समिट र ट्राभेल समिटको आयोजनाका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

९३. उद्योग, व्यवसाय तथा किसानका लागि Loan-Card व्यवस्था गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

९४. मधेश प्रदेशमा युरिया सहित रासायनिक मलखाद उद्योगको सम्भाव्यता अध्ययनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

९५. मधेश प्रदेशमा कृषि उद्योग, व्यापार, पर्यटनलगायतका क्षेत्रहरुसँग सम्बन्धित आन्तरिक रुपमा उत्पादन हुने वस्तु तथा सेवाको प्रचार-प्रसार एंव प्रवर्द्धनको लागि प्रदेशस्तरीय औद्योगिक मेला आयोजनाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९६. मधेश प्रदेशको कला, साहित्य, संस्कृति, जीवनपद्धति, ईतिहासलयायतका विययहरुको झल्को दिनेगरी महोत्तरी जिल्लामा मधेश संस्कृति ग्राम निर्माण कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९७. ऐतिहासिक सिम्रोनगढ दरबारको संरक्षण तथा प्रवर्द्धन कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९८. भारतबाट नेपाल भित्रिने पर्यटकहरुको लागि मुख्य प्रवेश बिन्दु (भन्सार) मा नै मधेश प्रदेशको पर्यटक गन्तव्य लयायत पर्यटनसँग सम्बन्धित सूचना प्रवाह तथा सम्प्रेषणको लागि

सूचना केन्द्रको स्थापना र पर्यटन विश्रामस्थल निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९९. उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय तर्फ रु. ३ अर्ब ८ करोड ७१ लाख ७४ हजार विनियोजन गरेको छु ।

गृह तथा सञ्चार

माननीय सभामुख महोदय,

१००. विद्यार्थिहरुलाई विद्यालयमा नै कानुनको महत्व तथा ज्ञान अभिवृद्धि गर्न विद्यालयस्तरमा कानुनी शिक्षा सचेतना कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१०१. प्रदेशमा रहेका युवाहरुलाई असल एवं सभ्य नागरिकको रुपमा राज्यप्रतिको कर्तव्य र दायित्व निर्वाह गर्न तथा युवाहरु दुर्व्यसनमुक्त गर्न लागुऔषध दुर्व्यसनमुक्त युवा अभियान संचालन गर्न ७० लाख बजेट विनियोजन गरेको छु ।

१०२. प्रदेशमा रहेका जिल्ला प्रहरी कार्यालय अन्तर्गतका ईलाका प्रहरी, प्रहरी चौकी लगायत शान्ती सुरक्षासँग सम्बन्धीत निकायहरुको भवन निर्माण लगायतका पूर्वाधार संरचनाहरुको निर्माणको लागि बजेट विनियोजन गरेको छु ।

१०३. गृह तथा सञ्चार मन्त्रालय तर्फ रु. ६४ करोड ८९ लाख ९७हजार विनियोजन गरेको छु ।

शिक्षा तथा संस्कृति

माननीय सभामुख महोदय,

१०४. मधेश प्रदेश अन्तर्गत रहेका विद्यालयहरुको क्षमता अभिवृद्धि गर्दै विद्यालयहरुमा शिक्षकको व्यवस्थापन गर्न स्वयंसेवक शिक्षक कार्यक्रम संचालनको लागि बजेट विनियोजन गरेको छु ।

१०५. सम्बन्धन प्राप्त सामुदायिक प्राविधिक विद्यालयहरुलाई सशर्त चालु अनुदान लगायत पुस्तकालय तथा विज्ञान शिक्षामा सुदृढीकरण गर्न विज्ञान प्रयोगशाला स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१०६. विद्यालयहरुलाई I C T प्रविधिमैत्री बनाउन स्मार्टबोर्ड तथा ई-लाईब्रेरी स्थापना गर्ने कार्यको लागि बजेट विनियोजन गरेको छु ।

१०७. प्रदेश अन्तर्गत आठवटा जिल्लाहरुमा रहेका विद्यालयहरुको संरचनात्मक सुधार गर्नको लागि आवश्यक भौतिक पूर्वाधार संरचनाहरु निर्माणको लागि बजेट विनियोजन गरेको छु ।

१०८. मधेश प्रदेश अन्तर्गत रहेका विश्वविधालयहरुको प्रशासनिक एवं भौतिक संरचनाहरु लगायत व्यवस्थापकीय सुधार कार्यको लागि अनुदान मार्फत आवश्यक रकम विनियोजन गरेको छु ।

१०९. शिक्षा तथा संस्कृति मन्त्रालय तर्फ रु ३ अर्ब ५७ करोड ६६ लाख ५५ हजार विनियोजन गरेको छु ।

उर्जा. सिंचाई तथा खानेपानी

माननीय सभामुख महोदय,

११०. स्वच्छ र सुरक्षित खानेपानी आपूर्तिमा आम जनताको पहुँचलाई बढाउन प्राकृतिक विपदबाट प्रभावित तथा अधुरा खानेपानी योजनाहरूको निर्माण र मर्मत संभार गरी संचालनमा ल्याउन बजेट विनियोजन गरेको छु ।

१११. सफा पिउने पानीको पहुँच नपुगेको सीमान्तकृत र पछाडि परेको समुदाय र क्षेत्रको पहिचान गरी प्राथमिकताको आधारमा शुद्ध पिउने पानीको व्यवस्थापन गर्नको लागि बजेट विनियोजन गरेको छु ।

११२. खानेपानी योजनाको संचालन लागत घटाउन पम्पिगं प्रणालीमा आधारित खानेपानी योजनाहरूमा सोलार पम्पको प्रयोगलाई प्रोत्साहन गरिने छ ।

११३. प्रदेशभित्र सुरक्षित र गुणस्तरीय खानेपानी आपूर्ति सुनिश्चित गर्न एक जिल्ला एक पानी परीक्षण प्रयोगशाला स्थापना गर्न बजेट विनियोजन गरेको छु ।

११४. प्रदेश भित्र खुला दिशामुक्त अवस्था लाई दिगो बनाउदै मधेश प्रदेशलाई पूर्ण सरसफाई अवस्था तिर अग्रसर गर्न स्थानीय तहसँग समन्वय गरी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

११५. सतह सिँचाइबाट वञ्चित खेतीयोग्य जग्गाहरूमा वैकल्पिक सिँचाई विधिहरू जस्तै नयाँ प्रविधिमा आधारित सिँचाइ विधिहरु (नन कन्भेन्सनल ईरिगेशन टेक्निक्स प्रोग्राम्स) को प्रयोग गरी सिँचाइ सुविधा पुर्याउनका लागि बजेट विनियोजन गरेको छु ।

११६. सिँचाइमा हालसम्म भएको लगानीबाट उच्च प्रतिफल हासिल गर्न गत विगतमा निर्माण सम्पन्न भएका सिँचाइ प्रणालीहरुका दक्षता ४० प्रतिशत भन्दा पनि कम रहेकोले सो दक्षता वृद्धि गर्न सिंचित क्षेत्र व्यवस्थापन कार्यक्रम (कमाण्ड एरिया

म्यानेजमेन्ट प्रोग्राम) संचालन गर्नको लागि बजेट विनियोजन गरेको छु ।

११७. भूमिगत जलस्रोतको अतिदोहन लाई निरुत्साहित गर्नका लागि सो को नियमन र अनुगमन गर्ने एवम् प्रत्येक जिल्लामा सतह सिँचाइ योजनाको सम्भाव्यताको आधारमा कम्तिमा दुईवटा सतह सिँचाइ योजनाहरूको पहिचान गरी कार्यान्वयनको लागि बजेट विनियोजन गरेको छु ।

११८. गत विगतमा सम्पन्न भएका ( एजेन्सी म्यानेज्ड ईरिगेशन सिस्टम सतह सिँचाइ योजनाको मर्मत संभार तथा जिर्णोधारका कार्यहरू स्वीकृत वार्षिक सिँचाइ मर्मतसंभार योजना बमोजिम प्राथमिकताका साथ गर्नको लागि बजेट विनियोजन गरेको छु ।

११९. पूरानो स्यालो/डिप/पावर ड्रिल ट्युबवेल सिँचाइ योजनाहरूको मर्मत संभार, सञ्चालन तथा व्यवस्थापनका कार्यक्रमहरूका लागि बजेट विनियोजन गरेको छु ।

१२०. भूमिगत जलश्रोतको संयोजनात्मक उपयोग गरी सिँचाइ विकास गर्न ग्राउन्ड वाटर क्लष्टर ईरिगेशन प्रोजेक्टलाई अध्ययन तथा अनुसंधानको आधारमा निरन्तरता दिन बजेट विनियोजन गरेको छु ।

१२१. पूर्व पश्चिम राजमार्गको समानान्तर रहेको वन-जंगलमा हुने आगलागीबाट वनजंगललाई जोगाउन र सुख्खायाममा जंगली जनावरहरुलाई समेत पिउने पानी उपलब्ध गराउनका लागि भूमिगत जलस्रोतको उपयोग गर्ने गरी समुचितस्थान तथा दुरीमा वन डिभिजन कार्यालयसँगको समन्वयमा डिप/पावर ड्रिल बोरिगं जडान गर्न बजेट विनियोजन गरेको छु ।

१२२. धार्मिक, अध्यात्मिक, सांस्कृतिक एवम् पर्यटकीय महत्त्व बोकेको दुधमति नदी बृहत्तर मिथिला परिक्रमाको अंगको रूपमा रामायणकालीन समयदेखि स्थापित रहँदै आएको र मिथिला गौरव माता जानकीको जन्म एवम् लालनपालनसँग प्रत्यक्षरूपमा जोडिएको जनविश्वास रहेको दुधमति नदी प्रतिको उच्च सम्मान र सो नदीबाट भविष्यमा संभावित सिंचाइयोग्य जग्गामा सिंचाइ सुविधा उपलब्ध हुने विषय समेतलाई हृदयंगम् गरी दुधमति नदीको उत्खनन्, संरक्षण तथा सौन्दर्याकरणका लागि संचालनमा रहेको दुधमति नदीको उत्खनन् तथा विकास कार्यलाई बहुवर्षिय आयोजना अन्तर्गत कार्यान्वयन गर्न बजेट विनियोजन गरेको छु ।

१२३. प्रदेश भित्र साम्भाव्य रहेका वैकल्पिक तथा अन्य नवीकरणिय ऊर्जाका स्रोतहरूको पहिचान तथा उत्पादनका लागि आवश्यक लगानीलाई समेत प्रोत्साहन तथा प्रवर्धन गरि सौर्य

ऊर्जा प्रवर्धनका लागि प्रदेशभित्र रहेका नदीका बगरहरु तथा बञ्जर जग्गालाई सदुपयोग गरी उत्पादन हुने सौर्य ऊर्जालाई राष्ट्रिय प्रसारणलाईनमा जोड्न बजेट विनियोजन गरेको छु ।

१२४. वर्षाको पानी संकलन, संरक्षण पोखरी निर्माण, तथा श्रोतहरूको संरक्षण तथा समुचित उपयोग गर्न बजेट विनियोजन गरेको छु ।

१२५. उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय तर्फ रु ४ अर्ब ४१ करोड ९९ लाख ९९ हजार विनियोजन गरेको छु ।

खेलकुद तथा समाज कल्याण

माननीय सभामुख महोदय,

१२६. मुख्यमन्त्री आवास सुरक्षा योजना अन्तर्गत प्राकृतिक विपदबाट हुने जोखिम विरुद्धको सुरक्षा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२७. मधेश प्रदेशमा रहेका महिलाहरुको सशक्तीकरण तथा प्रदेशमा नै रोजगारीको अवसर सिर्जना गर्नको लागि प्रथम महिला राष्ट्रपति स्वरोजगार कार्यक्रम मार्फत रोजगारी प्रदान गर्न बजेट विनियोजन गरेको छु ।

१२८. युवाहरुलाई उद्यमशीलताको माध्यमबाट रोजगारीको अवसर सिर्जना गर्न तथा युवाहरुलाई आत्मनिर्भर बनाउन युवा स्वरोजगार कार्यक्रमको संचालन गर्ने व्यवस्था मिलाएको छु ।

१२९. युवा वर्गहरुलाई खेलकुद प्रति आकर्षण गर्न माग अनुरुप खेलकुद सामाग्री वितरणको लागि बजेट विनियोजन गरेको छु ।

१३०. मधेश प्रदेशको गौरवको आयोजनाको रुपमा श्री राम जानकी बहुउद्देशिय रंगशाला, नारायणी रंगशाला, गोलबजार रंगशाला लगायत प्रादेशिक रंगशाला, खेलग्राम, खेलमैदान, कभर्ड हल निर्माण कार्यलाई प्राथमिकता दिई बजेट विनियोजन गरेको छु ।

१३१. ११औं राष्ट्रिय खेलकुद

क्रमशः पृष्ठ ७ मा

# सङ्घीयतासँग सम्बन्धित कानुन यथाशीघ्र निर्माण गर्नुपर्नेमा जोड

**काठमाडौँ ।**
सङ्घीय सांसदहरूले सङ्घीयता कार्यान्वनसँग सम्बन्धित कानुन यथाशीघ्र निर्माण गर्नुपर्नेमा जोड दिएका छन । सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोराब) ले आईतवार आयोजना गरेको 'कानुन निर्माणमा सङ्घीय सं◌ंसद्, प्रदेशसभा र स्थानीय तहबीचको समन्वय र सहकार्य' का विषयमा सरोकार भएका निकायसँगको छलफलमा सहभागीले सङ्घीयता कार्यान्वनसँग सम्बन्धित कानुन निर्माणमा ढिलाइ गर्न नहुने धारणा राखेका हुन ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद महेन्द्रबहादुर शाहीले सङ्घीयतासँग जोडिएका निजामति, प्रहरी र विद्यालय शिक्षासँग सम्बन्धित कानुन निर्माणमा सरकार र संसद्ले ढिलाइ गर्न नहुने बताए । पूर्वमुख्यमन्त्रीसमेत रहनुभएका शाहीले प्रदेश र स्थानीय तहले पाउनुपर्ने कतिपय अधिकार सङ्घीय सरकारले राखेकामा असन्तुष्टि व्यक्त गरे । उनले भने, 'कतिपय अधिकार सङ्घ मातहत हुँदा प्रदेश र स्थानीय तह अधिकारबाट बञ्चित छन् । यातायातसम्बन्धी अधिकार प्रदेश सरकारलाई हुँदा राइड शेयरिङगमा सङ्घीय सरकारले हस्तक्षेप गरेको छ ।'

राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष कार्यकारी राष्ट्रपति बनाउने व्यवस्थामा जानुपर्ने बताउँदै उनले विषयविज्ञको आधारमा राजनीतिभन्दा बाहिरबाट मन्त्रिपरिषद् गठन गर्नुपर्नेमा जोड दिए । 'सङ्घीयतासँग जोडिएका कानुन निर्माणमा ढिलाइ भने भइसकेको होइन । तर अब पनि ढिलाइ गर्न हुँदैन', उनले भने ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) की सांसद ईश्वरी घर्ती मगरले पछिल्लो समय कानुन निर्माणले तीव्रता पाएको उल्लेख गर्दै संवैधानिक व्यवस्था कार्यान्वयनका लागि बन्नुपर्ने कानुन निर्माण प्रक्रिया अन्तिम चरणमा पुगेका बताए ।

उनले भने, 'सङ्घले कानुन नबनाउँदा तल्लो तहमा समस्या भएको छ तर एकल कानुन प्रदेश सरकार र स्थानीय तहले पनि बनाएका छैनन् । तीन तहका सरकार जिम्मेवार बन्ने हो भने दुईदेखि तीन वर्षसम्ममा कानुन बन्न सक्छन्, हरेक विधेयक कार्यान्वयन गर्न बजेटको अभाव भइरहेकाले पनि कानुन निर्माणमा समस्या भइरहेको छ ।'

राष्ट्रियसभाका सांसद जयन्तीदेवी राईले भने, 'गैरसरकारी विधेयक पारित हुँदैनन् । मन्त्री नभई छलफल गर्न मिल्दैन, मन्त्री भएपछि समय अभाव हुन्छ, त्यसैले कानुन निर्माणमा ढिलाइ हुने गरेको छ ।' राजनीतिक दलका नेता तथा सांसद कानुन निर्माणभन्दा पनि सरकार बनाउने र ढाल्ने प्रक्रियामा बढी सक्रिय हुँदा समस्या भएको उनको भनाइ छ ।

विकास आर्थिक मामिला तथा सुशासन समिति सभापति कमलादेवी पन्तले संविधान लागू भएको तीन वर्षभित्रमा कानुन बनाइसक्नुपर्ने भए पनि दश वर्षसम्म मौलिक हकसम्बन्धी कानुन बन्न नसकेका बताए ।

उनले भने, 'योजना प्रदेश सरकारलाई हस्तान्तरण गरियो, तर बजेट हस्तान्तरण गरिएन, कानुन निर्माणमा सरकार जिम्मेवार हुनुपर्छ । सांसदले हतार गर्नुभन्दा पनि सरकारले पहलकदमी गर्नुपर्छ । सरकारले अहिले संशोधनमा ध्यान दिइरहेको छ, नयाँ कानुन निर्माणमा लागेको छैन । रासस

# विपद् जोखिमलाई दृष्टिगत गर्दै तयारीमा जुट्न आग्रह

**गण्डकी ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सम्भावित विपद् जोखिमलाई दृष्टिगत गर्दै तयारीमा लाग्न सबै सुरक्षा निकायलाई आग्रह गरेका छन ।

सशस्त्र प्रहरी बल मुक्तिनाथ बाहिनी पोखराको २४औँ स्थापना दिवसका अवसरमा आईतवार आयोजित कार्यक्रमको उद्घाटन गर्दै उनले गण्डकी प्रदेश उच्च विपद् जोखिमयुक्त स्थल भएकाले सम्भावित जोखिमको प्रतिकार्यका लागि तयारी हुनुपर्नेमा जोड दिए ।

यस वर्ष औसतभन्दा बढी वर्षा हुने पूर्वअनुमान गरिएको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले त्यसतर्फ बेलैमा सचेत बन्नु जरुरी रहेको बताए । उनले सरोकार भएका निकायसँग सहकार्य र समन्वय गर्दै मनसुनजन्य विपद् प्रतिकार्यका लागि कार्ययोजनाका साथ लाग्न सबै सुरक्षा निकायलाई निर्देशन दिए ।

अन्तरराष्ट्रिय सीमासुरक्षासँगै विपद् व्यवस्थापन, राजस्व, भन्सार तथा औद्योगिक सुरक्षालगायत सशस्त्र प्रहरी बलले निर्वाह गरेको भूमिकाको मुख्यमन्त्रीले प्रशंसा गरे । सीमित साधनस्रोतका बाबजुद विपद् प्रतिकार्यमा प्रदेश सरकारले सुरक्षा निकायलाई सहयोग गर्दै आइरहेको उनले बताए ।

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलले देशमा शान्ति सुरक्षाको स्थापनासँगै विपद् उद्धरलगायत क्षेत्रमा सशस्त्र प्रहरी बलले महत्त्वपूर्ण योगदान गर्दै आएको बताए । असीमित आवश्यकता र सीमित साधनस्रोतका बीचबाट प्रभावकारी सेवा प्रवाहमा प्रदेश सरकार अघि बढेको उनको भनाइ छ ।

उक्त अवसरमा मुक्तिनाथ बाहिनीलाई विभिन्न रूपमा सहयोग पु¥याएको भन्दै नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, दिवसका अवसरमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजेता, उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी, विभिन्न विधामा पुरस्कृत हुने प्रहरी कर्मचारीलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो ।

उनरूलाई मुख्यमन्त्री पाण्डेसहित पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य, गण्डकी प्रदेशका प्रमुख सचिव शोभाकान्त पौडेल, कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, सशस्त्र प्रहरी अतिरिक्त महानिरिक्षक पौडेल, मुक्तिनाथ बाहिनीका बाहिनीपति दीपेन्द्र शाहलगायतले सम्मान तथा पुरस्कार प्रदान गर्नुभएको थियो । कार्यक्रममा सशस्त्र प्रहरी बलका कलाकारद्वारा विभिन्न सांस्कृतिक प्रस्तुति प्रस्तुत गरिएको थियो । रासस

# प्रतिनिधिसभाः बजेटका विविध पक्षमा सांसदहरूको समीक्षात्मक टिप्पणी

**काठमाडौँ ।**
प्रतिनिधिसभाको आईतवारको बैठकमा आगामी आर्थिक वर्षको बजेटका विविध पक्षमा सांसदहरूले समीक्षात्मक टिप्पणी गरेका छन ।

पूर्वअर्थमन्त्री वर्षामान पुनले बजेटबाट मध्यम र तल्लो वर्गका जनता उत्साहित हुन नसकेका बताएका छन । राजनीतिक नेतृत्वले मेहनत गरेर बजेट नल्याएको आरोप लगाए । 'बलियो सरकारले ल्याएको यो कमजोर बजेट हो', सांसद पुनले भने ।

उनले राजस्व चुहावटको समस्या, पुँजीगत खर्च र प्राथमिकताका क्षेत्रलाई समेट्न बजेटले नसकेको बताए । वित्तिय सङ्घीयतालाई बलियो बनाउन बजेट चुकेको उनको भनाइ थियो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद राजेन्द्रप्रसाद पाण्डेले आमजनताको अपेक्षा सम्बोधन गर्न बजेट असमर्थ भएको बताए । उनले ठूला उद्यमी– व्यवसायी खुसी बनाउने गरी बजेट आएको भन्दै असन्तुष्टि जनाए ।

आम जनता पार्टीका सांसद प्रभु साहले बजेट बिचौलियालाई खुसी पार्ने गरी आएको आरोप लगाए ।

नागरिक उन्मुक्ति पार्टीका गङ्गाराम चौधरीले आगामी आर्थिक वर्षको बजेटले नागरिकको आवश्यकता समेट्न सफल भएको भन्दै सरकारलाई धन्यवाद ज्ञापन गरे ।

उनले कृषि उत्पादन प्रवद्र्धन र बजारीकरणका लागि विशेष ध्यान दिन आग्रह गरे ।

जनता समाजवादी पार्टीका सांसद वीरेन्द्रप्रसाद महतोले बजेट मुलुकको राष्ट्रिय आकाङ्क्क्षा पूरा गर्न सफल हुने विश्वास व्यक्त गरे । उनले बजेटमा युवालाई केन्द्रमा राखी नवप्रवर्तनसहितका उद्योग, सहुलियतपूर्ण कर्जा, कृषिको आधुनिकीकरण समेटिएका बताए । रासस

# अर्थमन्त्री सुनिल कुमार यादवले प्रस्तुत गरेको...............

प्रतियोगिता मधेश प्रदेशमा भव्यताको साथ आयोजना गर्न अहिले देखि नै पूर्वाधार निर्माणको कार्य तथा तयारीलाई प्राथमिकता दिएको छु ।

१३२. "खेली मधेश, जिति मधेश" नारालाई सार्थक बनाउन विभिन्न प्रतियोगिता, प्रशिक्षण, पुरस्कार तथा सम्मानमा विशेष जोड दिँदै मधेश खेलकुद दिवस र खेलकुद महोत्सव सञ्चालन गर्न यथेष्ट बजेट विनियोजन गरेको छु।

१३३. जनकपुरधाम र वीरगंजमा आधुनिक ओल्ड एज हाउस निर्माण कार्यको लागि यथेष्ट रकम विनियोजन गरेको छु।

१३४. खेलकुद तथा समाज कल्याण मन्त्रालय तर्फ रु १ अर्ब ६८ करोड ७३ लाख विनियोजन गरेको छु ।

स्वास्थ्य तथा जनसंख्या

माननीय सभामुख महोदय

१३५. विभिन्न नसर्ने रोगहरुको बारेमा सचेतना अभिवृद्धि लगायत अन्य स्वास्थ्य उपचारका लागि स्थानीय निकायसँगको सहकार्यमा मुख्यमन्त्री घरदैलो स्वास्थ्य सेवा कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१३६. जनतालाई आधारभुत स्वास्थ्य सेवामा पहुँच बढाई प्राकृतिक स्वास्थ्य पद्धतिको बारेमा समेत चेतना अभिवृद्धि गर्नको लागि आयुर्वेद सेवा कार्यक्रम संचालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१३७. प्रादेशिक अस्पतालहरुलाई प्रविधिमैत्री बनाई आवश्यक परेका विभिन्न स्वास्थ्य सम्बन्धी उपकरणहरु खरिद तथा जडान कार्यको लागि बजेट विनियोजन गरेको छु ।

१३८. सर्लाहीको धनकौलमा ५० शैयाको आमा तथा बाल अस्पताल र गंगापुरमा आयुर्वेद योग पञ्चकर्म अस्पताल तथा अनुसन्धान केन्द्र स्थापना तथा संचालनको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

१३९. मधेश स्वस्थ्य विज्ञान प्रतिष्ठानमा M B B S लगायत स्नातकोत्तर MD/MS कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४०. सिरहा जिल्ला गोलबजार नगरपालिका स्थित ट्रमा सेन्टर अस्पताल, महेन्द्र गेनाई प्रदेशिक प्रसुति गृह तथा महोतरी जिल्लाको सोनमा स्थित मानसिक अस्पतालको निर्माण तथा संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१४१. स्वस्थ्य तथा जनसंख्या मन्त्रालय तर्फ रु ६ अर्व ४५ करोड ६१ लाख विनियोजन गरेको छु।

भौतिक पूर्वाधार

माननीय सभामुख महोदय,

१४२. प्रादेशिक सडक संजाल गुरुयोजनामा परेका महत्वपूर्ण सडक तथा पुलहरु निर्माण गर्न "प्रादेशिक सडक कार्यक्रम" तथा "प्रादेशिक पुल कार्यक्रम" संचालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु।

१४३. प्रादेशिक सडकहरुको सन्तुलित तथा योजनाबद्ध रुपमा कार्यान्वयनको लागि "एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम (पहिलो चरण)" लाई प्राथमिकताक साथ सम्पन्न गरी "एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम (दोस्रो चरण)" अन्तर्गत

प्रत्येक निर्वाचन क्षेत्रमा ५-५ कि.मि. का दरले नयाँ थप ३२० कि. मि. सडकहरु कालोपत्रे गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१४४. प्रादेशिक सडकहरुको नदी तथा खोलाहरुमा पर्ने आवश्यक पुलहरुको निर्माणको लागि क्षेत्रीय सन्तुलन कायम हुने गरी " एक निर्वाचन क्षेत्र एक पक्कि पूल निर्माण कार्यक्रम" मार्फत पक्की पुल निर्माण गरी सडकहरु बाहैं महिना संचालनमा ल्याईने गरी बजेट बिनियोजन गरेको छु ।

१४५. क्रमागत योजनाहरु मध्ये कार्यान्वयन हुन् सक्ने योजनाहरुमा आवश्यक बजेट बिनियोजन गरेको छु ।

१४६. स्थानीय तहका केन्द्रहरुलाई पक्कि सडक संजालसँग जोड्न तथा प्राथमिकतामा रहेका अन्य प्रादेशिक सडकहरुको स्तरोन्नति गर्न, बृहत मर्मत सम्भार र नियमित मर्मत संभार गर्न प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम लाई प्राथमिकताका साथ अगाडी बढाएको छु। यस कार्यक्रमबाट १९८ कि.मी कालोपत्रे सडक निर्माण बाट २१ वटा स्थानीय तह पक्कि सडक संजालसँग जोडिनेछ, ३२६ कि.मी बृहत सडक मर्मत र १००० कि.मी सडकको नियमित मर्मत सम्भार हुन बजेट बिनियोजन गरेको छु ।

१४७. मधेश प्रदेशको पूर्व- पश्चिम प्रादेशिक राजमार्गको रुपमा रहेका सप्तरी जिल्ला देखि पर्सा जिल्ला जोड्ने प्रदेश गौरबको योजना "मधेश शहीद लोकमार्ग" को पूर्ण रुपमा निर्माण कार्यका लागि आवश्यक बजेट व्यवस्थापन गर्न दातृ निकाय तथा संघ सरकारसँग समन्वय र सहकार्य गरिनेछ । यस आ.व. मा बाराको कलैया मलाही खण्ड लगायत अन्य खण्डमा समेत निर्माणको कार्य शुरुहुने गरी बजेट बिनियोजन गरेको छु ।

१४८. प्रदेशभित्रको (स्थानीय समेत) झोलुङ्गे पुलहरुको निर्माणका लगि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन "प्रादेशिक प्राविधिक सहयोग प्रदायक" तथा पक्की पुलहरुको डिजाइन, सुपरभिजन र निर्माणमा प्राबिधिक सहयोग पुर्याउन प्रादेशिक मोटेरेबल पुल व्यवस्थापन सेवा कार्यक्रमको निरन्तरता दिईएको छु ।

१४९. सडक मर्मत सम्भार दिगो सडकको आधार भन्ने नारालाई मूर्त रूप दिन सडकहरू नियमित मर्मत सम्भारको लागि RMG (सडक मर्मत सम्भार समूह) परिचालन गरी करिब ३०० जना रोजगारी सृजना गरेको छु ।

१५०. गुणस्तरीय पूर्वाधार निर्माणका लागि सबै जिल्लामा निर्माण सामाग्री परीक्षणका लागि स्थापित प्रयोगशालाहरुलाई आधुनिकीकरण गरी व्यवस्थित गरिनेछ। साथै प्रदेशस्तरीय

सुविधा सम्पन्न परीक्षण प्रयोगशाला तथा अनुसन्धान केन्द्र स्थापनाको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

१५१. सडक दुर्घटना न्यूनीकरण तथा सडक सौन्दर्याकरणको लागि "सडक सुरक्षा तथा सौन्दर्यकरण कार्यक्रम" संचालन मा ल्यएकोछु ।

१५२. जनकपुर घोषणापत्र, २०८२ "हरित, उत्थानशील तथा जलवायुमैत्री कार्यान्वनको लागि "हरित सडक कार्यक्रम" संचालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१५३. जनतालाई तुरुन्तै उपलब्धि दिन सक्ने बस्तिमा रहेका साना पूर्वाधार सम्बन्धी आयोजनाहरुलाई क्षेत्रीय सन्तुलन, समावेशीता कायम हुने गरी बढी भन्दा बढी रोजगारी सृजना हुने "ग्रामीण विकास कार्यक्रम" को लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१५४. प्रदेश सरकारको प्रशासनिक भवन निर्माण लगायत अन्य भवन निर्माणको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

१५५. मौलिक हकको रुपमा रहेको आवास सुविधालाई उपेक्षित बर्गसम्म प्रभावकारी रुपमा पुर्याउन संचालित "महेन्द्र नारायण निधि विपन्न आवास योजना" तथा "बिपन्न संग मदन भण्डारी बिपन्न आवास कार्यक्रम लाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु ।

१५६. भौतिक पुर्वधार मन्त्रालय तर्फ रु १५ अर्व ८८ करोड ७१ लाख ८५ हजार विनियोजन गरेको छु।

माननीय सभामुख महोदय,

१५७. संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि शासन पद्धतिमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न स्थानीय शासन सवलीकरण कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१५८. प्रदेशभित्र सुशासन प्रवर्द्धनका लागि नवप्रवर्तनीय ज्ञान सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्नको लागि आगामी आ.ब. मा मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोसिप कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु।

१५९. आगामी आ.ब. मा राष्ट्रिय किताबखानाको सहकार्यमा प्रदेश र स्थानीय तहको कर्मचारीको अभिलेख व्यवस्थापन गर्न प्रदेश निजामती किताबखानाको संस्थागत सुदृढीकरणको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।

१६०. प्रदेश मन्त्रिपरिषद्को बैठकलाई पारदर्शी, व्यवस्थित तथा प्रविधिमैत्री बनाउन तथा बैठकको निर्णयको अभिलेखलाई चुस्त दुरुस्त बनाउन मन्त्रीपरिषद् बैठकलाई अटोमेशन तथा डिजिटाईजेशन गर्नको लागि बजेट विनियोजन गरेको छु।

१६१. कानुनको सचेतना, महिला सशक्तीकरण तथा लैङ्गिक विभेद तथा मानव अधिकारको प्रर्वद्धन र सम्बर्द्धन गर्नका लागि सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिएको छु।

१६२. प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र मार्फत आगामी आ.ब.मा प्रदेश तथा स्थानीय तहका पदाधिकारी जनप्रतिनिधि तथा कर्मचारीहरुको तालिमलाई थप परिष्कृत हुनेगरी तालिम तथा प्रशिक्षण कार्यक्रमहरुमा पर्याप्त बजेट विनियोजन गरेको छु।

१६३. आगामी आ.ब. प्रदेशका सबै निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठनलाई चुस्त, दुरुस्त र उपयुक्त बनाउनकोलागी पर्याप्त वजेट विनियोजन गरेको छु।

१६४. नेपाल सरकारले निर्धारण गरेको तलब प्रदेश सरकार अन्तर्गतका निजामती कर्मचारीहरूलाई पनि लागू हुने व्यवस्था गरेको छु, साथै प्रदेश सरकारले प्रदान गर्दै आएको महंगी भत्तालाई वृद्धि गरि मासिक रु. ५ हजार पुर्‍याएको छु । कर्मचारीहरुको लागि आन्तरिक पर्यटन प्रवर्द्धनका कार्यक्रमहरूलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छु।

१६५. प्रदेश सञ्चित कोष तथा आर्थिक प्रशासन सञ्चालन एवं सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धमा संघीय सरकारी निकाय माथिको निर्भरता पूर्ण रुपमा अन्त्य गरी प्रदेश सरकार मातहतको निकायबाट छिटो छरितो सेवा उपलब्ध गराउन महोतरी जिल्लामा प्रदेश लेखा इकाई कार्यालय स्थापना गरिनेछ ।

१६६. मधेश प्रदेश सरकारका कर्मचारीहरु (कानुन बमोजिम निवृतभरण पाउने कर्मचारी बाहेक) लाई संघीय सरकारले व्यवस्था गरे बमोजिम समाजिक सुरक्षा कोषमा आबद्ध गराउन आवश्यक व्यवस्था गरिनेछ ।

माननीय सभामुख महोदय,

अब म क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।

१६७. आगामी आर्थिक वर्षका लागि कुल खर्च रु ४६ अर्व ५८ करोड ३३ लाख ५१ हजार विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रु. १६ अर्ब ७२ करोड ५ लाख १७ हजार अर्थात् ३५.८९ प्रतिशत, पुँजीगततर्फ रु. ३० अर्ब २६ करोड २८ लाख ३४ हजार अर्थात् ६४.११ प्रतिशत । यो खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा ६.१३ प्रतिशत बढी हो।

१६८. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. ९ अर्ब ५० करोड ८३

लाख, वित्तीय हस्तान्तरण अनुदान तर्फ वित्तीय समानीकरण अनुदानबाट रु. ७ अर्ब ७२ करोड १९ लाख तथा शसर्त अनुदानबाट रु. ४ अर्ब २६ करोड १८ लाख, विशेष अनुदान वाट रु. ३९ करोड ४५ लाख • समपुरक अनुदानबाट रु. ३५ करोड ८२ लाख गरी जम्मा रु. १२ अर्ब ७३ करोड ६४ लाख, संघीय राजस्व बाँडफाँटवाट रु. १२ अर्ब ३५ करोड ८४ लाख र गत वर्षको नगद मौज्दातबाट रु. १० अर्ब ३८ करोड २ लाख ५१ हजार व्यहोर्दा रु. २ अर्ब न्यून हुनेछ। सो न्यून पूर्ति गर्न आन्तरिक ऋणबाट रु.२ अर्ब जुटाइनेछ। राजस्व, वित्तीय हस्तान्तरण, नगद मौज्दात र संघीय बाँडफाँटवाट प्राप्त श्रोत परिचालन गर्दा नपुग हुने रकम आन्तरिक ऋणबाट व्यहोरिनेछ ।

माननीय सभामुख महोदय,

अब म आगामी आर्थिक वर्ष २०८२/८३ को राजस्व परिचालन नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१६९. कर तथा गैर कर राजस्व चुहावट न्यूनिकरण गर्न राजस्व प्रशासन शाखालाई सुदृढीकरण गरीने छ ।

१७०. प्रदेशको राजस्व अभिवृद्धिको लागि सुझाव प्राप्त गर्न राजस्व सुधार सुझाव समिति गठन गरिने छ ।

माननीय सभामुख महोदय,

१७१

. आर्थिक वर्ष २०८०/८१ को यथार्थ खर्च, आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान र आर्थिक वर्ष २०८२/८३ को अनुमानित आय व्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु।

१७२

. अन्त्यमा, समृद्ध मधेशको लक्ष्यप्रति प्रतिबद्ध रही प्रस्तुत बजेट तर्जुमा प्रक्रियामा मार्गदर्शन प्रदान गर्नु भएका माननीय प्रदेश प्रमुखज्यू, मुख्यमन्त्रीज्यू, सभामुख तथा उपसभामुखज्यू, मन्त्रीज्यूहरू, प्रदेशसभा सदस्यज्यूहरू तथा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यसै गरी, बजेट निर्माणको क्रममा अमूल्य सुझाव दिनुहुने राजनीतिक दलहरू, अर्थविद्, विभिन्न क्षेत्रका विज्ञज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, निजी तथा सहकारी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मीहरू, गैरआवासीय नेपाली, विकास साझेदार तथा राष्ट्रिय- अन्तर्राष्ट्रिय संघसंस्थाहरू र आम नागरिकहरूप्रति पनि गहिरो आभार व्यक्त गर्दछु।

म विश्वस्त छु कि प्रस्तुत बजेटको प्रभावकारी कार्यान्वयनबाट प्रदेशको समग्र हित, एकता र स्वाभिमान सुदृढ हुनुका साथै संघीयता संस्थागत हुने र जनताले गुणस्तरीय सेवा प्राप्त गर्नेछन् । यसमा सबै क्षेत्रको सक्रिय सहभागिता रहने विश्वास व्यक्त गर्दछु।

धन्यवाद

# पचरौता छोटी भन्सार बन्द भएपछि द्विदेशिय आर्थिक कारोवार शून्य

**संजय तिवारी**
**बारा ।**
बाराका विभिन्न स्थानमा स्थापना भएका छोटी भन्सार कार्यालयहरु लगभग बन्द छन् । सिम्रौनगढ, कवहीगोठ, पचरौता, मटिअर्वा लगायतका छोटी भन्सारहरु बन्द हुँदा त्यस भेगका नागरिकलाई समस्या मात्र नभइ समग्र जिल्लाकै द्विदेशिय आर्थिक गतिबिधी ठप्प छ । खुल्ला सिमाना भनेको खुसी ल्याउने सिमाना भनिने गरिएको छ । तर, सरकारको बेवास्ताले त्यहाँका नागरिक सेवाबाट बंचित मात्रै नभई पीडित भएको पाइएको छ ।

सिमापार व्यवसाय सरल गर्न स्थापना भएका ती छोटी भन्सार कार्यालयहरु विभिन्न कालखण्डमा बन्द भएपछि त्यसलाई पुनःसंचालन गर्न कयौं प्रयास भएपनि संचालनमा नआउंदा जिल्लाका करिब ८ लाख जनता प्रभावित भएको अनुमान गरिएको छ । बारा जिल्लाको मध्य–दक्षिणमा पर्ने पचरौता नगरपालिका वडा नं. १ पिपरपाती बजर्वा टोला र भारतको बढर्वा भन्ने सिमाना बिच रहेको छोटी भन्सार कार्यालयको आफ्नै भवन छ ।



कयौं दशकअघि स्थापित उक्त भवन अहिले जिर्ण अवस्थामा पुगेको छ । माओवादी द्वन्दका बेला बन्द भएको कार्यालय देशमा लोकतन्त्र हुँदै गणतन्त्रसम्म परिवर्तन भइसक्दा समेत पुनःसंचालनमा ल्याउन सकिएको छैन । करिब तीन दशक अघि कार्यालयको पियनका रुपमा कार्य गरेका स्थानिय विश्वनाथ महतो कोईरिले भन्सार कार्यालय बन्द भएपछि पारीबाट घरखर्चको सामान ल्याउन पनी करिब २५ किलोमिटर टाढामा पर्ने सदरमुकाम कलैया पुग्नु पर्ने अवस्थाको बारेमा सम्झिए । 'उ बेला बाटोघाटो थिएन, अहिलेको जस्तो चारैतिर बजार समेत थिएन,' कुश्वाहाले भने, 'अहिलेपनी आवस्यक सामान खरिद गर्न वा बिहेबारीमा चारचक्के सवारीसाधन पारी लग्न ८ किलोमिटर टाढाको नाका प्रयोग गर्नुपर्ने बाध्यता छ ।' भन्सार कार्यालय बन्द भएपछि सरसामानको भन्सार गर्ने काम मात्रै बन्द नभएई सवारी ईन्ट्री तथा त्यसको संचालन अनुमती समेत बन्द भएको कुशवाहाले बताए । अब भने उक्त कार्यालय संचालनमा ल्याउनुपर्ने उनले माग गरे ।

कुश्वाहाले नाका संचालन नहुदा नजिकै रहेको जयमुक्ती नगर रेल्वे स्टेशनबाट यात्रुले शुबिधा पाउन नसकेको पनि बताए । स्थानियको लाईफलाईनको रुपमा रहेको सो भन्सार संचालन गर्न स्थानिय सरकार पनि कस्सिएका छन् । पचरौता नगरपालिकाका नगर प्रमुख जलन्धर सिंह जैस्वारले भन्सार कार्यालय संचालन गर्न आफुले अर्थ मन्त्रालयमा कुरा गरिसकेको र त्यहांबाट पालिकाको अफिसियल पत्र माग भएको जनाए । 'मैले अर्थ मन्त्रालयमा भन्सार कार्यालय पुनःसंचालनकालागी कयौं पटक कुरा गरे, अहिले त्यसको बिस्तृत विवरण सहित प्रस्ताव माग गरिएको छ, ' नगर प्रमुख जैस्वारले भने, 'आजभोलिमै चिट्ठी पठाउछौं र अर्को आर्थिक वर्षभित्र भन्सार कार्यालय संचालन गर्न दवाव दिनेछौं ।' नगर प्रमुख साहले भन्सार कार्यालय संचालन भएपछि यस क्षेत्रको आर्थिक गतिबिधी राम्रो हुने आशा व्यक्त गरे । यता भन्सार कार्यालय अवस्थित रहेको पचरौता नगरपालिका वडा नं.१ का अध्यक्ष विनय सिंहले वर्षौंदेखि बन्द रहेको छोटी भन्सार संचालन भएपछि वडाका करिब १२ सय घर धुरी मात्रै नभइ पचरौता नगरपालिका र आसपासका लाखौं नागरिकहरुलाई सुविधा पुने बताए ।

# धनुषामा श्रीमतीलाई बलात्कार गर्ने श्रीमान्लाई ६ महिना कैद

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
वैवाहिक सम्बन्धमा रहेका एक व्यक्तिले आफ्नै श्रीमतीमाथि जबरजस्ती करणी गरेको मुद्दामा धनुषा जिल्ला अदालतले ६ महिना कैद र एक लाख रुपैयाँ क्षतिपूर्ति तिराउने फैसला सुनाएको छ । जिल्ला अदालत धनुषाका न्यायाधीश दिलकुमार वर्देवाको एकल इजलाशले यो फैसलासहित दोषी श्रीमानलाई सजायको भागिदार बनाएको हो । २०७९ साल चैत २१ गते पीडित महिलाले श्रीमानले जबरजस्ती यौन सम्पर्क गरेको भन्दै वैवाहिक बलात्कार सम्बन्धी उजुरी दायर गरेकी थिइन् ।

सो मुद्दामा २०८० साउन २१ गते पहिलो पटक पेशी चढेको




थियो । त्यसपछि लामो कानुनी प्रक्रियापछि ३६ वटा पेशीपछि गत शुक्रबार अन्तिम आदेश आएको हो । न्यायाधीश वर्देवाको इजलाशले जेठ १३ गते नै श्रीमानलाई दोषी ठहर गर्ने निर्णय गर्दै सजाय निर्धारणका लागि मिति तोकेको थियो । जेठ २९ गतेको पेशीमा सजायपूर्वको प्रतिवेदन माग गरिएको थियो ।

त्यसको आधारमा अन्ततः ६ महिनाको कैद र १ लाख क्षतिपूर्तिको फैसला सुनाइएको हो । अदालतको आदेशपछि दोषी श्रीमानलाई हिरासतमा लिइएको छ भने क्षतिपूर्ति दिलाउने प्रक्रिया अगाडि बढाइएको छ ।

# राष्ट्रिय परिचयपत्र बनाउन आउने नागरिक अझै सास्ती खेप्दै

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्सामा राष्ट्रिय परिचयपत्र बनाउन आउने नागरिकले अझै पनि सास्ती खेप्नुपरीरहेको छ । असार १ गतेदेखि राष्ट्रिय परिचयपत्र वितरण कार्यमा तीव्रता दिइएको भए पनि सेवा लिन लाइनमा घण्टौँ बस्नु परेको सेवाग्राहीहरूले गुनासो गरेका छन् । इन्टरनेट बारम्बार अवरुद्ध हुने, नियमित विद्युत् आपूर्ति नहुने र उपकरण बिग्रने समस्याले गर्दा सेवाग्राहीहरू थप सास्ती खेप्न बाध्य बनेका हुन् । कतिपय सेवाग्राही बिहानैदेखि लाइनमा बसे पनि पालो नपाएर फर्किनुपर्ने अवस्था देखिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी सुमन कुमार कार्कीका अनुसार वीरगंज महानगरपालिका अन्तर्गत दुईवटा काउण्टरबाट दिँदै आएको सेवा पनि जिल्ला प्रशासन कार्यालयमै स्थानान्तरण गरिएको छ । हाल पाँचवटा काउण्टरबाट सेवा प्रदान भइरहेको छ भने सोमबारदेखि दैनिक ६ वटा काउण्टरमार्फत सेवा सञ्चालन गरिने सहायक प्रमुख जिल्ला अधिकारी कार्कीले बताए । सेवाग्राहीहरूले सेवा सहज बनाउन समय तालिका स्पष्ट पार्न, अनलाइन प्रणाली सुधार गर्न, र पूर्वसूचना प्रवाहमा ध्यान दिन प्रशासनसँग माग गरेका छन् ।

# जनकपुरधाममा ७ करोडको मैथिली भवन 'पार्टी प्रचारमञ्च'मा परिणत




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको ७ करोड रुपैयाँको लगानीमा जनकपुरधाममा निर्मित मैथिली विकास कोषको चारतले बहुसांस्कृतिक भवनको उद्घाटन पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग गराउनु सरकारको आत्मसमर्पणवादी चरित्रको सबैभन्दा भद्दा नमूना बनेको छ । सरकारको खर्चमा जनताको करबाट बनेको सार्वजनिक भवनलाई पार्टीको प्रचारमञ्च बनाइदिँदा प्रदेश सरकारले आफू कस्तो राजनीतिक अधीनमा रहेको छ भन्ने खुलासा खुलेआम भएको छ । सरकारी कार्यक्रमलाई 'कांग्रेस कार्यक्रम' बनाउँदै गरिएको यो उद्घाटन समारोहमा प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरू, कांग्रेसका नेताहरू एकै मञ्चमा देखिँदा दृश्य कुनै पार्टी महाधिवेशन जस्तै देखिएको थियो, न कि राज्यसंस्थाको आधिकारिक उद्घाटन । नेपाल पत्रकार महासंघ धनुषाका निवर्तमान अध्यक्ष अनिल मिश्रले भने, 'सरकार भनेको सबल राज्य संयन्त्र हो । कांग्रेसको 'कर्मचारी समिति' होइन । प्रदेश सरकारले भौतिक संरचना बनायो, उद्घाटन गराउने नेपाली कांग्रेसका सभापति ? के यसरी प्रदेश सरकार आफैं पार्टीको शाखा बन्ने हो?' मिश्रका अनुसार यो घटनाले सरकारभित्र नीति निर्माणभन्दा पनि दलगत स्वार्थ हाबी भएको र मधेश सरकार आफैं संघीयताको मूल मर्ममाथि प्रहार गरिरहेको बताए । 'चारतले भवन, अत्याधुनिक पूर्वाधार, बहुउपयोगी कक्ष, मैथिली भाषा र मिथिला सभ्यताको प्रवद्र्धनका लागि निर्माण गरिएको यो भवन कुनै दल विशेषको हैकमका लागि होइन । तर, उद्घाटन शैली हेर्दा 'मैथिली विकास कोष' भन्दा कांग्रेसको क्षेत्रीय कार्यालय जस्तो देखियो,' मिश्र टिप्पणी गर्छन् । उनले भने, 'मिथिलाको सम्मानको नाममा राजनीतिक रंग चढाउनु मैथिलीको अपमान हो ।' प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह, भौतिक पूर्वाधारमन्त्री सरोज यादवलगायत मन्त्रीहरू उद्घाटन मञ्चमा थिए । तर, उद्घाटनको नेतृत्व प्रदेश प्रमुख वा सम्बन्धित मन्त्रालयमार्फत नभई देउवाले गर्नु उनीहरूको मौन सहमति वा राजनीतिक आदेशपालन स्पष्ट देखिन्छ । एक स्थानीयले नाम उल्लेख नगर्ने शर्तामा भन्छन्, 'यो मधेश सरकारको कमजोरी मात्र नभई समर्पण हो । आफ्नै सरकारको संरचना उद्घाटन गर्न नसक्ने मुख्यमन्त्री कुन अधिकारको नाममा सरकार चलाइरहेका छन्?' उनले भने, 'सरकारी संरचना उद्घाटन किन प्रदेश सरकारकै मुख्यमन्त्री वा मन्त्रीबाट गराइएन? प्रदेश सरकारको कोषबाट बनेको भवनको राजनीतिक दलबाट उद्घाटन गर्नु कानुनी दृष्टिले उपयुक्त हो? के यही शैलीमा भोलि प्रदेश सरकारका नीति, बजेट र योजना समेत पार्टी कार्यालयबाट घोषणा गरिने हो?' मिथिला, मधेश, भाषा, संस्कृतिको संरक्षणका नाममा राज्यको संरचना प्रयोग गरेर दलगत स्वार्थको प्रवद्र्धन गर्नु भनेको लोकतन्त्रकै चीरहरण हो । कर तिर्ने नागरिक मूर्ख छैनन् । उनीहरूले सरकार र पार्टीबीचको भेद छुट्याउन जान्दछन् । जनकपुर–४ का सुभाष कर्ण भन्छन्, 'मैथिली विकास कोष मधेश प्रदेश सरकारको एक बहुआयामी सांस्कृतिक अभियान हो । यसको उद्घाटन पार्टी विशेषका नेताबाट गराउनु कोषलाई नै राजनीतिक बनाउने संकेत हो । यसको प्रत्यक्ष असर कोषको विश्वसनीयतामा पर्छ ।'

# समाज रुपान्तरणमा कलाकार र पत्रकारको भूमिका निर्णायकः मन्त्री लेखी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले समाजमा सकारात्मक परिवर्तन ल्याउन राजनीतिक नेतृत्व मात्र पर्याप्त नहुने भन्दै कलाकार र सञ्चारकर्मीको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको बताएका छन् । जनकपुरधाममा आइतबार आयोजित 'चलचित्र तथा लोकसञ्चार प्रबद्र्धन बोर्डको संस्थागत विकाससम्बन्धी संवाद' कार्यक्रममा मन्त्री लेखीले भने, 'पत्रकार र कलाकार समाजको ऐना हुन्। उनीहरूले जुन दृष्टिकोण दिन्छन्, त्यही बाटोले परिवर्तन सम्भव हुन्छ ।' उनका अनुसार संविधानले प्रदत्त अधिकारहरूको रक्षा गर्दै अझ नयाँ उपलब्धिको खोजी गर्नुपर्ने छ ।



सो कार्यमा सञ्चार तथा कलाक्षेत्र निर्णायक माध्यम बन्न सक्छ । कार्यक्रममा मन्त्री लेखीले मन्त्रालयको स्रोत र क्षमताले भ्याएसम्म सञ्चार र कलाक्षेत्रमा सरकारको सहयोग पुग्ने बताए । उनले भने, 'समयमै योजना बने र बजेट फ्रिज भएन भने मन्त्रालयले आवश्यक सबै सहयोग पुर्याउनेछ । कलाकारको श्रम र योगदानको मूल्य अब राज्यले बुझ्न थालेको छ ।' कलाकारहरूको प्रस्तुति र जोश देखेर आफू उत्साहित र आशावादी भएको भन्दै मन्त्री लेखीले विगतमा कलाक्षेत्र उपेक्षित रहेको बताए । उनले भने, '७ वर्ष भयो प्रदेश सरकार बनेको । अब हाम्रा जनप्रतिनिधिसँग छलफल गरेर आफ्नै पहिचानसहित काम गर्ने समय आएको छ । अहिलेको संघीय प्रणाली नै त्यो अवसर हो ।' कार्यक्रममा सहभागी प्रदेश सभा सदस्यहरूले कला, संस्कृति र सञ्चारको प्रवद्र्धनका लागि बोर्डले नीतिगत, संरचनागत र व्यवहारिक पक्षमा सुधार ल्याउनुपर्नेमा जोड दिए । नेकपा एकीकृत समाजवादीका रत्नेश्वरलाल गोइतले चलचित्र बोर्डले कलाकारहरूलाई रोजगारीसँग जोड्ने योजना बनाउनुपर्ने बताए । नेकपा एमाले नेतृ शारदा देवी थापाले लागुपदार्थको दुव्र्यसन रोक्न चेतनामूलक चलचित्र निर्माण आवश्यक रहेको भनिन् । नेपाली काँग्रेसका जीवछी यादवले मधेश प्रदेशमा रहेका कलाकारहरूको तथ्याङ्क सङ्कलन गरेर तिनको संरक्षण गर्ने नीति आवश्यक रहेको धारणा राखिन् । जसपाका नेता मनिष सुमनले भने, 'हरेक व्यक्तिमा कुनै न कुनै कला हुन्छ ।

अब तिनको खोज, संरक्षण र प्रवद्र्धन गर्नुपर्ने बेला आएको छ ।' लोसपाकी रमिता प्रधानले सामाजिक विकृति अन्त्य र भाषाको संरक्षणमा चलचित्र बोर्डले ध्यान दिनुपर्ने बताइन् । कार्यक्रममा नीति तथा योजना आयोग मधेश प्रदेशकी सदस्य डा. शिला मिश्रले चलचित्र तथा सञ्चार माध्यमहरूले समाजमा व्याप्त विकृति, विसङ्गतिलाई उजागर गर्नुपर्ने आवश्यकता औंल्याइन् ।

उनले भनिन्, 'अबका फिल्महरू केवल नाचगान वा प्रेमकथा मात्र नभई सामाजिक प्रश्न र उत्तर दिने माध्यम बन्नुपर्छ ।' चलचित्र तथा लोकसञ्चार प्रवद्र्धन बोर्डका अध्यक्ष किशोरकुमार लेखीले कलाक्षेत्रभित्र रहेका विकृति हटाउँदै पारदर्शी रूपमा काम गर्ने प्रतिबद्धता जनाए । उनले भने, 'मधेश प्रदेश सरकारको समर्थन रहेसम्म म सबैको सुझाव समेटेर यो अभियानलाई इमानदारीपूर्वक अघि बढाउनेछु ।'

# जनकपुरधाममा विद्यालय बिदा फिर्ता सोमबारदेखि नियमित कक्षा सञ्चालन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अत्यधिक गर्मीका कारण अस्थायी रूपमा स्थगित गरिएका विद्यालयहरूमा जनकपुरधाम उपमहानगरपालिकाले पुनः पठनपाठन शुरु गर्न निर्देशन दिएको छ । आइतबार शिक्षा शाखाबाट जारी सूचनाअनुसार असार २ गते (सोमबार)देखि सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा नियमित कक्षा सञ्चालन गरिने छ । उपमहानगरपालिकाले असार ४ गतेसम्म थप गरेको विदालाई खारेज गर्दै सोमबारदेखि पठनपाठन यथावत् सञ्चालन गर्न भनिएको छ ।

मौसममा सुधार आएको जनाउँदै निर्णय फिर्ता लिइएको हो । शिक्षा शाखा प्रमुख धीरेन्द्र लाल कर्णका अनुसार, 'अबको अवस्था हेर्दा गर्मीमा केही कमी आएको छ । तर, सुरक्षाको दृष्टिले बिहानको समयमै विद्यालय सञ्चालन गर्न सिफारिस गरिएको छ ।' यसअघि अत्यधिक गर्मीले विद्यार्थीहरूको स्वास्थ्यमा असर पर्न सक्ने भन्दै उपमहानगरपालिकाले पटकपटक विद्यालय विदा घोषणा गर्दै आएको थियो । पछिल्लो निर्णयसँगै जनकपुरधाम उपमहानगर क्षेत्रका विद्यालयहरू सोमबारदेखि पूर्ण रूपमा खुल्ने भएका छन् । विद्यालय प्रशासनलाई नयाँ निर्णय अनुसार समयमै तयारी गर्न आग्रह गरिएको छ भने अभिभावकहरूलाई पनि आवश्यक जानकारी दिइसकेको जनाइएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन